# लिखु तामाकोशी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः४ संख्याः१९ मितिः२०७७\०६\१९

## भाग-१

## लिखु तामाकोशी गाउँपालिका

## लिखु तामाकोशी गाउँपालिकाको कृषि विकास ऐन, २०७७

कार्यपालिकाबाट स्विकृत मितिः २०७७\०६\१९

गाउँसभाबाट पारितः २०७७\०६\१९

**प्रस्तावनाः**

कृषि क्षेत्रको समग्र विकासका लागि खाद्यान्न उत्पादन तथा पशुपालन, उत्पादन व्यवस्थापन, सहकारी, कृषि सडक, सिंचाइ, कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण गर्नेजस्ता जिम्मेवारी स्थानीय तहमा रहेका गाउँपालिकामा संविधान र स्थानीय सरकार संचालन ऐन द्वारा व्यवस्था भएको, संविधान र कानून प्रदत्त अधिकार र जिम्मेवारीलाई स्थानीय वस्ति स्तरमा रहेका कृषक, कृषक समूह, संस्था लगायतका सरोकारवालाहरुसंगको समन्वय, सहभागिता र संलग्नतामा कृषि कार्यक्रम संचालन व्यवस्थापनका लागि स्थानीय नीति, ऐन, कानून, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका साथै मापदण्ड र गुणस्तर निर्धारण गर्न र त्यसको अनुगमन, नियमन र नियन्त्रणको प्रणालीगत विकासका साथै संस्थागत गर्न, कृषि विकास गतिविधिलाई लैङगिक, वातावरणमैत्री एवं जलवायू परिवर्तन अनुकूलन, समानुपातिक र समावेशी वनाइ मूलप्रवाहिकरण गर्न, गाउँपालिकाका क्षेत्रमा रहेका कृषक विशेष गरेर सिमान्तकृत र विपन्न कृषकका आवस्यकता र प्राथमिकतालाई सहभागितात्मक योजना तर्जुमा प्रकृया अवलम्बन गरी एकिकृत र समन्वयात्मकरुपमा सम्बोधन, संचालन र व्यवस्थापन गर्न, स्थानीय गाउँपालिकामा कृषि कार्यक्रमलाई संस्थागतरुपमा विकास गर्न, सम्बद्ध कृषकलाई ज्ञान, सूचना तथा प्रविधिको प्रचार र प्रसारका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषि क्षेत्रमा सरकारी, निजी, सहकारी र वित्तीय संस्थाहरुबाट लगानी परिचालन गर्न, व्यवसायिकरण र

बजारीकरणका माध्यमबाट रोजगारी र आयमा वृद्धि गर्न, कृषक समूहको सेवा र सुविधामा सहज पहुँच बढाउन, नागरिकलाई गुणस्तरिय सेवा प्रदान गर्न, कृषक र उपभोक्तालाई कृषि सामग्रीको उचित मुल्य प्राप्तिका लागि सहजिकरण, नियमन र नियन्त्रण गर्न, खाद्य सुरक्षा र सम्प्रुभताको अधिकार कायम गर्ने र गराउने कार्यमा योगदान पुरयाउने कार्यमा सहयोग पुरयाउन, सम्बद्ध सरोकारवाला सबैको साथै कृषकको क्षमता विकास गर्न, कृषकहरुको कृषिसेवामा सहज पहुँच बढाउन समेत आवस्यक देखिएकोले लिखु तामाकोशी गाउँसभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम लिखु तामाकोशी गाउँपालिकाले यो ऐन बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस ऐनको नाम "लिखु तामाकोशी गाउँपालिकाको कृषि विकास ऐन, २०७७" रहेको छ।

ख) यो ऐन लिखु तामाकोशी गाउँसभाले पारित गरि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "ऐन" भन्नाले "लिखु तामाकोशी गाउँपालिकाको कृषि विकास ऐन, २०७७ लाई सम्झनु पर्दछ।

ख) "कानून" भन्नाले संघीय कानून, प्रदेश कानून र स्थानीय कानून सम्झनु पर्छ

ग) "गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएका लिखु तामाकोशी गाउँपालिका सम्झनु पर्छ। यसले गाउँ कार्यपालिकालाई समेत जनाउने छ।

घ) "गाउँसभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको लिखु तामाकोशी गाउँसभा सम्झनु पर्छ।

ङ) "कार्यपालिका" भन्नाले लिखु तामाकोशी गाउँ कार्यपालिका सम्झनु पर्छ।

च) "अध्यक्ष" भन्नाले लिखु तामाकोशी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

छ) "उपाध्यक्ष" भन्नाले लिखु तामाकोशी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

ज) "वडा" भन्नाले लिखु तामाकोशी गाउँपालिकाको वडालाई सम्झनु पर्छ।

झ) "वडाअध्यक्ष" भन्नाले लिखु तामाकोशी गाउँपालिकाका वडाका अध्यक्ष सम्झनु पर्छ।

ञ) "वडा समिति" भन्नाले संविधानको धारा २२२ को उपधारा (४) धारा २२३ को उपधारा (४) बमोजिमको लिखु तामाकोशी गाउँपालिकाको वडा समिति सम्झनु पर्छ।

ट) "पदाधिकारी" भन्नाले लिखु तामाकोशी कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य सम्झनु पर्छ।

ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लिखु तामाकोशी गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्न जिम्मेवारी तोकिएको प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

ड) "जिल्लासभा" भन्नाले संविधानको धारा २२० को उपधारा (१) बमोजिमको रामेछाप गाउँसभा सम्झनु पर्छ।

ढ) "जिल्ला समन्वय समिति" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको रामेछाप जिल्ला समन्वय समिति सम्झनु पर्छ।

ण) "स्थानीय तह" भन्नाले लिखु तामाकोशी गाउँपालिका तथा जिल्ला सभालाई सम्झनु पर्छ।

त) "प्रदेश" भन्नाले संघीय इकाइमा विभाजन गरिएको नेपालको संघीय इकाइको ३ नं. प्रदेश सम्झनु पर्दछ।
थ) "बिषयगत शाखा" भन्नाले लिखु तामाकोशी गाउँपालिकामा कृषि क्षेत्रको विकासकालागि स्थापना भएका महाशाखा, शाखा, इकाई तथा सेवाकेन्द्रलाई जनाउने छ। यसले अन्य विषयगत क्षेत्रको विकासकालागि लिखु तामाकोशी गाउँपालिकामा स्थापना भएका शाखा वा महाशाखालाई समेत जनाउने छ।
द) "कृषि वा कृषि क्षेत्र" भन्नाले जीवन धान्न (sustain) र विकास/वृद्धि (growth) का लागि आवश्यक खाना (food), रेशा (fiber), जैविक उर्जा (biofuel), जडिबुटि (medicinal plants) र अन्य बस्तु (other products) उत्पादन गर्न प्रयोग गरीने वीरुवा (plants), पशुपन्छि (animals) (माछा समेत) र ढुसी च्याउजात (fungi) को खेती (cultivation) वा पालन (husbandry) र प्रजनन (breeding) सम्बन्धि कार्य वा क्षेत्र भन्ने बुझाउंदछ। यसमा उत्पादन गर्नका लागि आवश्यक कृषि सामग्री, सिंचाई, यन्त्र/उपकरण, प्राविधिक सेवाटेवा र उत्पादित बस्तुहरुको भण्डारण र विक्रि वितरणको व्यवस्थापन समेत पर्दछन्।
ध) "कृषक" भन्नाले - कृषि वा कृषि क्षेत्रमा संग्लग्न कृषक, उद्यमी र व्यबसायी भन्ने बुझाउदछ।
न) "मन्त्रालय" भन्नाले कृषि विषय हेर्ने नेपाल सरकारको संघीय मंत्रालय सम्झनु पर्छ। यस शब्दले कृषि बिषय हेर्ने प्रादेशिक मंत्रालयलाई समेत जनाउने छ।
प) "योजना" भन्नाले आयोजना, परियोजना तथा कार्यक्रम समेतलाई जनाउँछ।
फ)"सदस्य" भन्नाले, गाउँपालिकाको सम्बन्धमा लिखु तामाकोशी गाउँसभा वा गाउँकार्यपालिकाको सदस्य सम्झनुपर्छ र सो शब्दले गाउँसभा वा गाउँकार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष वा बडा समितिको सदस्यलाई समेतजनाउँछ।
जिल्ला सभाको सम्बन्धमा रामेछाप जिल्ला सभा तथा जिल्ला समन्वय समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले रामेछाप जिल्ला सभाको प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिकोको प्रमुख र उपप्रमुखलाई समेत जनाउँछ। कृषि समितिको सम्बन्धमा लिखु तामाकोशी गाउँपालिकामा कृषि कार्यक्रम संचालन र व्यवस्थापन गर्न लिखु तामाकोशीगाउँपालिकामा गठन भएको कृषि विकास समिति तथा उप समितिका संयोजक, उप संयोजक तथा सदस्यलाई समेतलाई जनाउँछ।
ब) "समिति" भन्नाले यस कार्यविधिको व्यवस्था अनुसार लिखु तामाकोशी गाउँपालिकामा गठन भएको कृषि विकास समिति तथा उपसमितिलाई जनाउँछ।
भ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ।
म) "संघ" भन्नाले संघीय संरचनाको सबै भन्दा माथिल्लो इकाइको रुपमा रहने संघीय तह सम्झनु पर्छ।

## परिच्छेद २
## कार्यक्षेत्र

**३. विषयगत कार्यक्षेत्रः** यस कार्यविधिमा लिखु तामाकोशी गाउँपालिका क्षेत्रमा कृषि कार्यक्रम संचालनमा देहायका विषयगत कार्यक्षेत्रहरु समावेश हुनेछन्:
क) कृषि विकास कार्यक्रम संचालन र व्यवस्थापन गर्न संस्थागत संयन्त्र, त्यसको सम्बन्धित पालिकाका साथै अन्य सरोकारवाला सबै संगको ठाडो र तेर्सो (vertical & horizontal) अन्तरसम्वन्ध।
ख) कृषि कार्यक्रमलाई सहभागितामूलक, एकिकृत र समन्वयित कार्यक्रम र बजेट तर्जुमाका चरण र प्रकृया विस्तृतिकरण गरिनुका साथै अन्य विषय क्षेत्रसंगको अन्तरसम्बन्ध।

ग) बजेट र कार्यक्रमको अख्तियारी र रकम प्रवाह प्रकृया र विधि।
घ) कृषि कार्यक्रम संचालनका विभिन्न मापदण्ड, नर्मसका साथै गुणस्तर कायम गर्न नियमन तथा अनुगमन र मुल्ल्यांकन प्रणाली विशेष गरेर परिणाम (Result) मा आधारित मापन प्रणाली स्थापित गरिने उपाय।
ङ) कृषि कार्यक्रमलाई समावेशी, लैङगिक र वातावरण मैत्री, जलवायू परिवर्तन अनुकूलन, सिमान्तकृत र भौगौलिक वञ्चितिमा परेकालाई संबोधन गरिने विषय।
च) कृषिलाई यान्त्रिकरण र व्यवसायिकरण गरी कृषि व्यवसाय प्रवर्द्धनका लागि जारी भएको नमूना विधेयकका विषय उपयुक्त स्थान र तहमा समावेश गरी प्रवर्द्धन र
छ) कृषिलाई विकेन्द्रीकरणको सन्निकटताको सिद्धान्त बमोजिम संचालन र व्यवस्थापन गर्न संघ, प्रदेश तथा स्थानीय गाउँपालिकामा र सम्बन्धित गाउँपालिकाले वडास्तर तथा कृषक समूह सम्म अधिकारको निक्षेपण, प्रत्यायोजनको पद्धति।

## परिच्छेद ३
## कृषि कार्यक्रम संचालन र व्यवस्थापन

**४. कृषि कार्यक्रम संचालन र व्यवस्थापनकालागि संस्थागत संरचनाः** गाउँपालिकाको संगठन संरचना लिखु तामाकोशी गाउँपालिकाले आफ्नो क्षेत्रको आवस्यकता र प्राथमिकता अनुसार आफ्नो क्षेत्र भित्र कृषि क्षेत्रको समग्र विकासका लागि आफ्नो कार्यविभाजन नियमावली बमोजिमको कार्य संचालन गर्न गराउनमा सहयोग पुरयाउन कृषि शाखा स्थापना गरी संचालन हुनेछ। त्यस्तै वडा वा सेवा केन्द्रस्तरमा समेत कृषि कार्यक्रम संचालन व्यवस्थापन गर्न आवस्यक प्राविधिक सेवा पुरयाउन सहजीकरणकालागि कृषि इकाईको स्थापना गरिने छ।
ऊक्त शाखाको काम, कर्तव्य र जिम्मेवारी गाउँपालिकाले स्वीकृत गरेको कार्य विभाजन नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ।
क) उक्त शाखा तथा वडा वा सेवाकेन्द्रमा कति स्थायी र करारका कर्मचारी रहने छन भन्ने बिषय गाउँपालिकाले पारित गरेको संगठन संरचना अनुसार हुनेछ।
ख) गाउँपालिका क्षेत्रमा संविधान र ऐन द्वारा निर्धारण गरेका कृषि सम्बन्धी कार्यको जिम्मेवारी र सम्पादनमा सहयोग पुरयाउन र कृषि कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन गाउँपालिकाले पारित गरेको कार्य विभाजन नियमावलीको अधिनमा रही गाउँपालिकाको कुनै सदस्यको संयोजकत्वमा निम्नानुसारका सदस्यरहेका देहाय बमोजिमको कृषि विकास समिति गठन हुनेछ।
**५.. लिखु तामाकोशी गाउँपाकिाको कृषि विकास समितिको गठन**
**क) गाउँपालिका स्तरीयः**
१. गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष वा अध्यक्षले तोकेको गाउँ कार्यपालिकाको सदस्य -संयोजक
२. गाउँपालिका अध्यक्षले तोकेको गाउँपालिकाका महिला सदस्य -सदस्य
३. गाउँपालिकाले तोकेको गाउँपालिकाका दलित वा अल्पसंख्यक सदस्य -सदस्य
४. गाउँपालिकाका योजना महाशाखा वा शाखा वा उपशाखाका प्रमुख -सदस्य
५. गाउँपालिकाका उद्योग बाणिज्य संघका प्रतिनिधि सदस्य
६) गाउँपालिकाका सिंचाइ शाखाका प्रतिनिधि - सदस्य
७. गाउँपालिकाका सहकारी शाखाका प्रतिनिधि-सदस्य

८. गाउँपालिकाका कृषि सडक शाखाका प्रतिनिधि-सदस्य
९. गाउँपालिकामा रहेको कृषि अनुसन्धान केन्द्रको प्रतिनिधि -सदस्य
१० गाउँपालिका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाका प्रतिनिधी -सदस्य
११ गाउँपालिका भित्रका विभिन्न पेशागत कृषि उद्धयोगि, व्यवसायी र एग्रोभेटको प्रतिनिधि सदस्य
१२ गाउँपालिका स्थित बैंक र वितिय संस्थाका प्रतिनिधि -सदस्य
१३. गाउँपालिकाका वित्तीय एवं कृषि सहकारी संस्थाका प्रतिनिधि -सदस्य
१४ गाउँपालिका भित्रका उत्कृष्ट कृषक समूह को भेलाबाट प्रतिनिधिका रुपमा छनौट भएको उत्कृष्ट एक महिला र एकजना पुरुष कृषक -सदस्य
१५. गाउँपालिकाका कृषि वा पशु सेवा शाखाका (सदस्यसचिव नभएको) प्रतिनिधि -सदस्य
१६. गाउँपालिकाका कृषि वा पशु सेवा शाखाका प्रमुख -सदस्य-सचिव

नोटः गाउँपालिकाका गुणस्तर नियन्त्रण शाखा, वजार व्यवस्थापन शाखाका प्रमुख वा प्रतिनिधि तथा कृषि संग सम्बन्धित विशेषज्ञ वा अनुभवी कृषक, कृषिक्षेत्रमा उत्कृष्ट योगदान पुरयाउने व्यक्तिलाई आवस्यकतानुसार आमन्त्रण गर्न सकिने।

**ख) वडा स्तरीय**

गाउँपालिकाको वडातहमा कृषि र पशुपंछी सेवा विकासमा सहयोग तथा समन्वयका लागि देहाय बमोजिमको समिति गठन हुने छः
१. वडा अध्यक्ष वा निजले तोकेको कुनै अन्य सदस्य - संयोजक
२. वडाको महिला सदस्य - सदस्य
३. वडाका सचिव -सदस्य
४. वडास्तरमा कृषि सम्बद्ध गैर सरकारी संस्थाका प्रतिनिधी- सदस्य
५. वडामा कार्यरत उत्कृष्ट कृषक समूह मध्ये भेलाबाट छनौट भएका प्रतिनिधि - सदस्य
६. वडा स्थित कृषि वा पशु सेवाकेन्द्रका प्रमुख -सदस्य
७. वडा स्थित कृषि वा पशु सेवाकेन्द्रका प्रमुख मध्ये जेष्ट प्रमुख -सदस्य-सचिव

नोटःवडाभित्रका उत्कृष्ट कृषक, विशेषज्ञ वा कृषि समबन्धि ज्ञान सीप भएका व्यक्तिलाई आवस्यकतानुसार आमन्तरण गर्न सकिने।

उपरोक्त समितिहरुमा एक महिना भित्र सबै पद पुर्ति भइ कार्य सुचारु गर्नु पर्ने छ।

समितिहरुले अफ्नो आन्तरिक कार्यविधि आफै बनाइ कार्य सुचारु गर्ने छन् र आवस्यकतानुसार बैठक बस्ने छ तर कम्तिमा पनि वर्षको तीन पटक समितिको बैठक अनिवार्य रुपमा बस्नु पर्ने छ।

उपरोक्त समितिहरुमा राजिनामा पेश गरी वा अन्य कुनै किसिमले रिक्त हुन आएमा जसरि शुरुमा नियुक्ति भएको हो सोही प्रकृया पुरयाइ पद पूर्ति गर्ने व्यवस्था गरिनेछ।

**६. कृषि विकास समितिको काम, कर्तव्य, अधिकार, जिम्मेवारी र उत्तरदायित्वः**

**क) संस्थागत सुदृढिकरणको कार्य**

**१. समूह र संस्था गठन र परिचालनः**

क) प्रतेक वडा कार्यालय अन्तरगतका बस्ति र टोलमा आवस्यकतानुसारका व्यवसायिक कृषि समूह र संस्था गठन गर्न प्रोत्साहित गर्ने; यसरि समुह गठन गर्दा महिला, पुरुष वा मिश्रित जुन उपयुक्त हुन्छ सोही अनुसार समूह गतिशिलता र व्यवहारिकता हेरी गठन गर्नु पर्ने, सके सम्म उत्पादन विशेषका आधारमा समूह गठन गर्न उत्प्रेरित गरिनु पर्ने र एउटा समूहको व्यक्ति सकेसम्म अर्को समूहको सदस्यता न लिने गरि व्यवस्था गर्नु पर्ने।

ख) विगतमा गठन भएका कृषक समुहको साथै संस्थाहरुको लगत तथा अभिलेख वडागत र कार्यप्रकृतिगत रुपमा अध्यावधिक गरी राख्ने;
ग) अन्तरसमूह र संस्था गठनः समूह-समूह मिलेर अन्तरसमूह र सहकारी संस्थामा आवद्ध हुन समूहहरुलाई उत्प्रेरित गर्ने;
घ) समूह वा संस्थालाई वडा कार्यालयमा दर्ता समेत गरी राख्ने र अनुदान वा कृषि सामाग्रिको माग संकलन र वितरणमा यी समूह वा संस्था परिचालित हुने;
ङ) समूह वा संस्थाको विधान लगायत बैठक बस्ने, माइन्यूट राख्ने, बचत परिचालन गर्ने भए त्यसको विधि र प्रकृयामा समेत समितिले आवस्यक प्राविधिक सहयोग पुरयाउने;
च) कृषक समूह र संस्थालाई समूहको बिशेषतानुसारको तालिम, अवलोकन भ्रमण, प्रोत्साही पुरुस्कार जस्ता कार्यक्रम संचालन गरी तिनको क्षमता विकासका साथै कार्यमा उत्प्रेरित समेत गराइ राख्ने;
छ) सरकारी वा गैरसरकारी तहबाट ती समूहलाई उपलब्ध गराइने श्रोत साधन, औजार, उपकरण, मल बिउ बिजन, बाख्रा, कुखुरा आदि बारे समेत पूर्व जानकारी दिई समयमै माग संकलन गर्ने;
ज) समूह एवं संस्था मार्फत उन्नत विउ विजन उत्पादन स्थानीय स्तरमा नै गर्ने कार्यक्रम संचालन गरी ती समूहहरुले उत्पादन गरेका बिउ बिजन बिक्री गर्न चाहेमा स्थानीय खरीद नीति तय गर्ने र उचित मुल्यमा खरिद कार्यको व्यवस्था समेत गरी कृषकलाई प्रोत्साहित गर्ने ।

**२. स्थानीय कृषि श्रोत व्यक्तिको रुपमा अनुभवी कृषक अगुवाको छनौट र संलग्नताः**

क) स्थानीय स्तरमा अन्न खेती, तरकारी खेति, फलफूल खेति, माछापालन, पशुपालन, कुखुरापालन आदि कार्यमा व्यवहारिक ज्ञान आर्जन गरेका अनुभवी अगुवा कृषकहरुको ज्ञान, अनुभव र सीपलाई कृषकबाट कृषकमा व्यवहारिक रुपमा आदान प्रदान गर्न त्यस्ता उत्कृष्ट अनुभवी कृषकलाई समितिबाट छनौट गरी विषयगत तालिम प्रदान गरिने छ ।
ख) यसरी तालिम प्राप्त उत्कृष्ट अनुभवी कृषकलाई कृषि प्रसार कार्यक्रममा संलग्न गराउने नीति लिइने छ।
ग) उत्कृष्ट अनुभवी कृषकलाई राष्ट्रिय शिप परिक्षण बोड NSTB/CTEVT बाट थप सीप आर्जनको अवसर समेत दिइ मान्यता दिइने छ।
घ) गाउँपालिका क्षेत्रमा विभिन्न कृषक समूहमा तिनको आवद्धता जनाउने संस्थागत व्यवस्था गरिने छ।
ङ) किसान देखि किसान प्रसार गर्न स्थानीय भाषा तथा परिचित व्यक्तिबाट सीप, ज्ञान प्राप्त गर्न सहज, कम खर्चिलो र समयमा उपलब्धहुनका साथै दीगो समेत हुने देखिएकोले किसान देखि किसान कार्यक्रमलाई संचालन, व्यवस्थापन र प्रोत्साहित गर्ने नीति लिइने छ।

**३. स्थानीय एग्रोभेटको छनौट र संलग्नताः**

क) गाउँपालिका क्षेत्रमा निजी क्षेत्रको संलग्नता (पहुंच) बढाउन स्थानीय नागरिकहरुलाई एग्रोभेट स्थापना गर्नका लागि प्रोत्साहन गरिनेछ र तीनलाई तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ ।
ख) गाउँपालिकामा एग्रोभेट दर्ता गराई विउ, विजन, औषधि, सा-साना कृषि उपकरण and agriculture technologies सहज उपलब्ध गराउने व्यवस्था गरिने छ ।

**४. स्थानीय सहकारी संस्थाको परिचालनः**

क) लिखु तामाकोशीगाउँपालिका क्षेत्रमा उत्पादनमूलक, बजारमुलक, सेवामूलक र निकासी मूलक, बचत तथा कर्जा सहकारीमा वर्गिकरण गरी तिनलाई स्थानीय तहमा इजाजत दिइनेछ र तदनुसारका सेवा सहजरुपमा कृषकहरुलाई दिने गरी सहजीकरण गर्ने गराइने छ। यसका आतिरिक्त परिपक्व कृषक समूहलाई कृषि सहकारीमा रुपान्तरण गर्ने कार्य पनि गरिनेछ ।

**५. कृषिको थोक तथा खुद्रा व्यापार प्रबर्द्धन गराउनेः**

क) एक वा एक भन्दा बढी स्थानीय तह मिलेर कृषिको थोक र खुद्रा व्यापार प्रवर्द्धन गर्ने नीति लिइने छ र यसमा प्रदेश तथा संघीय सरकारको प्राविधिक तथा आर्थिक सहयोग समेत जुटाइने छ।

ख) कृषकलाई उचित मूल्य प्रदान गरिनुका साथै उपभोक्तालाई पनि विचौलियाको जथाभावी मूल्यबाट जोगाउने मूल्य नीति तर्जुमा गरी लागु गरिने छ।

ग) गाउँपालिका क्षेत्रमा खाद्यान्न तथा पशु हाट बजार, चिस्यान केन्द्र, राष्ट्रिय र अन्तरराष्ट्रिय निकासीको व्यवस्था समेत गर्न राष्ट्रिय बजार संग आबद्ध गराउन स्थानीय सरकारलाई सहयोग पुरयाइने छ।

घ) सरकारी क्षेत्रबाट मात्र यी कार्य संभव नहुने हुँदा सरकारी निजी र वित्तीय क्षेत्रको समन्वय र साझेदारीमा यस्ता कार्य अगाडि बढाउन नेपाल सरकार र प्रादेशिक सरकारले समेत सहजिकरणका लागी गाउँपालिका मार्फत समन्वय स्थापित गरिने छ।

ख. कृषि विद्यालय र कृषि अनुसन्धान केन्द्रहरुको प्राविधिक सहयोग जुटाउनेः

क) स्थानीय वा निकटतम गाउँपालिकामा CTEVT बाट सम्बन्धन प्राप्त कृषि विद्यालयहरुसंग दीर्घकालीन सम्बन्ध स्थापना गरिने छ।

ख) विद्यालयका विद्यार्थीहरुलाई कृषक समूह संग आबद्ध गराई प्रविधि स्थानान्तरणमा प्राविधिक सहयोग पुरयाउनका लागि संस्थागतरुपमा ती विद्यालयसंग साझेदारी सम्झौता गर्न मसौदा तयार गरी सम्बन्धित कार्यपालिकामा पेश गरी ती विद्यालयको औपचारिक सम्बन्ध स्थापित गराउने कार्यमा सहयोग पुरयाइने छ।

ग) यस कार्यमा आवस्यक देखिए स्थानीय शिक्षा शाखालाई समेत आवद्ध गराई कार्य अगाडि बढाउन सकिने छ।

घ) त्यस्तै राष्ट्रिय एवं प्रादेशिक अनुसन्धान केन्द्रहरु संग पनि सहकार्यकोलागी सहकार्यको ढाँचा तयार गरी स्वीकृत उन्नत प्रविधि र विउ विजनहरु कृषकको थलोमा प्रदर्शन गराउन समेत सहजिकरण गरिने छ।

**ङ. कृषि प्रसारका अन्य कार्यक्रमहरु संचालन गर्नेः**

दिगो कृषि विकासका लागि गर्नु पर्ने कार्य र अपनाउनु पर्ने प्रक्रियाहरु तथा नयाँ वा आधुनिक प्रबिधिको प्रचार प्रसार गर्नका लागि विभिन्न कृषि प्रसारका तरिकाहरु अवलम्बन गरिने छ।

**च. स्थानीय योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्ल्यांकन कार्य गर्नेः**

क) स्थानीय कृषि समितिले स्थानीय योजना तर्जुमा चरणको समय तालिकाका अधिनमा रही सहभगितामूलक योजना तर्जुमा गर्न गाउँपालिकालाई समग्र कृषि क्षेत्रको बजेट पूर्वानुमान, मार्गदर्शन र आगामी आर्थिक बर्षमा लिइने नीति निश्चित समयमा पेश गरिने छ र योजना प्रकृयालाई सघाउ पुरयाउनुका साथै अन्य विषयगत क्षेत्र संग समन्वय गरी स्थानीय तहको योजना प्रकृयामा मूलप्रवाहिकरण गरिने छ।

ख) कृषि विकास योजना संग सम्बद्ध नीतिगत निर्णय लिन गाउँपालिकालाई निम्न किसिमको प्राविधिक सहयोग पुरयाइने छः

१. कृषि विषयगत क्षेत्रको मध्यकालिन (आवधिक) योजना तर्जुमा गरी स्थानीय आवधिक योजनाको अभिन्न अंगको रुपमा मुलप्रवाहिकरण गर्ने र लगानी सुरक्षित गराउने कार्य।

२. कृषि बिषयगत क्षेत्रको मध्यकालिन संरचना MTEF तयार गरि कम्तिमा पनि प्राथमिकता प्राप्त योजना र कार्यक्रमका लागि लगानी सुरक्षित गराउने कार्य।

३. आवधिक योजनाको लक्ष, उद्देश्य र नीति तथा रणनीति बमोजिम बार्षिक योजना तर्जुमा गर्ने गराउने कार्य।
४. कृषि क्षेत्रमा संलग्न सबै सरोकारवालाको समन्वय बैठकको आयोजन गरी सरकारी, निजी, सहकारी तथा गैरसरकारी एवं विकाससाझेदारहरुको संलग्नतामा आगामी आ.ब. मा गरिने लगानीकालागि बजेट पुर्वानुमानको प्रक्षेपण तयार गरी स्थानीय कार्यपालिकामा समयमै प्रस्तुत गर्ने कार्य।
५. परिच्छेद-५ मा दिएको योजना चक्रमा सहभागिता जनाउने कार्य ।
ग) कृषि कार्यक्रम विशेष गरेर कृषकको खेत बारीमा संचालन हुने हुनाले योजना तर्जुमा गर्दानै कृषकलाई के कस्तो प्राविधिक, आर्थिक वा वस्तुगत सहयोग चाहिने हो त्यस्को स्पष्ट पहिचान गरी तदनुसार कार्य गर्न गराउन गाउँपालिकालाई आवस्यक निम्न्न सहयोग योजनाबद्ध ढंगबाट पुर्याइनेछ;
घ) वडामा संचालन हुने कृषि कार्यक्रमलाई स्थानीय कृषक समूह, सहकारी, अगुवा वा अन्य सरोकारवालाहरुसंग अन्तरकृया गरी देहाय बमोजिमको बर्गिकरणका आधारमा वडा समितिमा प्रस्तुत गर्नेः
ङ. स्थानीय कृषक समुह, संस्था, सहकारी संस्था, उपभोक्ता समूह, गैरसरकारी संस्था वा कृषकको आफ्नै श्रोतबाट संचालन हुने कार्यक्रम;
२. सम्बन्धित गाउँपालिकाको लागत सहभागितामा संचालन हुने कार्यक्रम;
३. गाउँपालिकाको आफ्नै श्रोतले संचालन हुने कार्यक्रम;
४. प्रदेश वा संघीय सरकारको अनुदानबाट संचालन हुने कार्यक्रम;
५. प्रदेश तथा संघीय सरकारबाट स्थानीय तहको समन्वयमा संचालन हुने कार्यक्रम;
६. विकास साझेदारसंगको सहकार्यमा संचालन हुने कार्यक्रम;
७. निजी क्षेत्र संगको साझेदारीमा संचालन हुने कार्यक्रमः र
८. अन्य कुनै किसिमबाट संचालन हुने कार्यक्रम ।

**७. कृषि क्षेत्र विकास विस्तार र प्रवर्द्धनात्मक कार्यः**

**क) अनुभवी अगुवा किसान प्रवर्द्धन कार्यक्रमः**

उद्यमी किसान तथा अनुभवी अगुवा किसानकालागि क्षमता विकासका कार्यक्रम संचालन गर्ने र तिनको सीप, ज्ञान र अनुभवलाई पहुँच नपुगेका कृषक सम्म पुरयाउने ।
यसरी स्थानीय सीप, ज्ञान र अनुभवलाई कृषक समक्ष पुरयाउन सम्बन्धित समितिले नर्मस, मापदण्ड तथा ज्याला दररेट तय गरी सम्बन्धित गाउँपालिकाबाट पारित गराई लागु गर्ने गराउने ।

**ख) उत्तम अभ्यासको संचार, सिकाई प्रबर्द्धन**

कृषि कार्यको उत्तम अभ्यासको आदान प्रदान, प्रचार, प्रसारका लागि मेला, प्रदर्शनी र अवलोकन भ्रमणको आयोजना गर्ने ।
एक गाउँ, बस्ति र टोल एक उत्पादन कार्यक्रमलाई प्रवर्द्धन गर्ने।
आइ.पि.एम. पाठशाला संचालन गर्ने गराउने ।व्यवसायिक कृषि र प्रविधि बारे र यस्को तुलनात्मक लाभको व्यापक प्रचार प्रसार गर्ने। कृषि सूचना केन्द्र, इ- कृषिप्रविधिको विकास बारे स्थानीय गाउँपालिकालाई राय सल्लाह दिने र आवस्यक प्राविधिक सहयोग उपलब्ध गराउने ।

**ग) कृषि मलः**

माटो सुधार, प्रारांगिक पदार्थ व्यवस्थापन, प्रारांगिक एवं कम्पोष्ट मल प्रवर्द्धन, दीगो कृषि विकास गतिविधि संचालन गर्ने ।

**घ) तरकारी खेति प्रवर्द्धन र विकासः**

व्यवसायिक तथा बेमौसमी तरकारी खेति प्रवर्द्धन गर्न हरित गृह, प्लाष्टिक घरको प्रयोगमा व्यापकता दिने र स्थानीय परिस्थिति अनुसारका तरकारी खेति प्रोत्साहन गर्ने, तरकारी खेतिमा नवीनतम प्रविधिको जानकारी गराउने, स्थानीय तहमा सीप, प्रविधि, ज्ञान, अनुभवलाई हस्तान्तरण गर्ने।

स्थानीय संभाव्यतानुसार कुरिलो, च्याउ, निगालो खेतिको प्रवर्द्धन र विकास गर्ने र बजारीकरण गर्ने।

**ङ) फलफूल खेतिको प्रवर्द्धन र विकासः**

फलफूलको नर्सरी स्थापना, स्थानीय संभाव्यताका आधारमा आँप, लिची, केरा, कटहर, भुँइ कटहर, सुन्तला, कागति, जुनार, मौसम, नासपाति, स्याउ, अंगूर, किवी, एभओकाडो आदि जस्ता फलफूल खेतिलाई व्यावसायिक रुपमा उत्पादन बढाउने र बजारीकरणमा सहयोग पुरयाउने।

**च) गैरकाष्ठ तथा जडिबुटी खेति प्रवर्द्धनः**

स्थानीय संभाव्यताका आधारमा गैर काष्ठ उत्पादन, जडिबुटी खेति (पाँच औले, कुटुकि, जैतुन, तितेपाति, तिमुर, इंटेलो, रिट्ठा आदि) को व्यावसायिक खेतिलाई प्रवर्द्धन गर्ने र स्थानीयरुपमा प्रशोधन कार्य गर्ने गराउन सहयोग पुरयाउने।

**छ) नगदे तथा बिशेषबालीको व्यवसायिक खेति प्रवर्द्धनः**

सघन धान खेति प्रविधि (SRI), उन्नत गहुँ, मकै, कोदो, फाफर आदिको प्रवर्द्धन र विकास गर्ने।

नगदे बाली प्रवर्द्धन (चिया, कफि, अदुवा, बेसार, लसुन, प्याज, केशर, अलैंची, उखु, केमोमाइल, मेन्था, सजीवन आदि) तथा व्यवसायिकरण सम्बन्धि कार्य गर्ने।

उन्नत जातका विउ, बिजन उत्पादन तथा प्रवर्द्धन, नर्सरी स्थापना र सुदृढिकरण (खाद्यान्न, तेलहन, दलहन, तरकारी, भुइघास, डालेघास, फलफूल आदि) गर्ने गराउने।

**ज) कृषि सामाग्री व्यवस्थापनः**

कृषि सामाग्री (ट्रैक्टर, ट्रेलर, थ्रेसर, पम्प, विषादि, पशु औषधी, प्लाष्टिक पाइप आदि) को प्रदर्शन र सामुहिकरुपमा प्रयोगको लागि प्रोत्साहित गर्ने।

**झ) माछा, माहुरी र पशुपालन व्यवसायीकरणः**

उन्नत जातका तथा व्यवसायिकरणका हिसाबले बढि तुलनात्मक लाभ दिन सक्ने बाख्रा, बंगुर, कुखुरा, हाँस, बट्टाई, माहुरी, गाई, भैंसी, माछा, अस्ट्रिच, भेडा आदि पालनमा कृषकलाई प्रोत्साहित गर्ने।

सहुलियत कृषि ऋणका साथै बीमाको व्यवस्था गर्ने। दूध तथा दुग्ध पदार्थ उत्पादन तथा प्रशोधनको लागि उपयुक्त वातावरण बनाउने। गोठ तथा गोठेमल सुधार, पशुमूत्र संकलन तथा प्रयोग, जैविक विषादि प्रवर्द्धन सम्बन्धि कार्य गर्ने। पशु पोषण, खर्क, चरनक्षेत्र विकास व्यवस्थापन, डालेघाँस, भुइघाँस, अमरिसो आदि उत्पादन तथा प्रशोधन गर्ने। पशु स्वास्थ सेवा व्यवस्थापन, आधुनिक प्रविधि युक्त पशु आहारा व्यवस्थापन, नश्ल सुधार, पशु स्वस्थ्य शिविर, पशुपंक्षीमा लाग्ने महामारी रोग नियन्त्रण गर्न आवश्यक खोप व्यवस्थापन गर्ने गराउने।

**ञ) साना सिंचाई:**

साना सिंचाई प्रविधि हस्तान्तरण तथा प्रवर्द्धन (वर्षाको पानी संकलन तथा प्रयोग, ट्यूबवेल, कुलो, पैनि, पोखरी, स्प्रिङ्कलर, थोपा सिचाइ, प्लास्टिक पोखरी आदि) सम्बन्धि कार्य गर्ने।

**ट) खाद्य संरक्षण तथा भण्डारणः**

स्थानीय गाउँपालिकाको खाद्यान्न उत्पादन तथा आवस्यकताको साथै खाद्यान्न अल्पता परिवारको तथ्यांक संकलन गर्ने र उपलब्धता तथा आपुर्तिको स्थिति अद्यावधिक गर्ने।

स्थानीय तहमा खाद्ध भण्डारणको सीप हस्तान्तरण, अभिमुखिकरण, स्थानीय उत्पादन खरिदको समर्थन मूल्य लगायत खरिद कार्यको व्यवस्थापन गर्ने, न्यून खाद्ध्यान्न समयमै आपुर्तिको व्यवस्था गर्ने गराउने र स्थानीय गाउपालिकामा खाद्ध्यान्न अल्पताको तथ्यांक अद्यावधिक गरी राख्ने।

**ठ) कृषि सम्बन्धि नीति, कानून, योजना, गुरुयोजना तर्जुमा, मापदण्ड निर्धारण र नियमन सम्बन्धि कार्य गर्ने:**

स्थानीय गाउँपालिकाको सानदर्भिकता हेरी संघीय, प्रादेशिक नीति र कानून संग नबाझिने गरी स्थानीय नीति, कानून तर्जुमाका लागि सम्बन्धित गाउँपालिकालाई प्राविधिक सहयोग पुर्याउने।

**ड) स्थानीय तहमा क्षमता विकास सम्बन्धि कार्य गर्ने गराउने:**

स्थानीय कृषक समूह, महिला कृषक, साना तथा सिमान्त किसान, जग्गा विहिन आदिलाई उनीहरुको चाहना र प्राथमिकतानुसारका कार्यक्रम तर्जुमा गरी संचालनको व्यवस्था मिलाउने।

स्थानीय कृषि रोजगारीलाई मार्यादित बनाउन ज्यालाको उचित व्यवस्था गर्ने।

कृषिभुमिको समुचित प्रयोगको नीति तय गरी साना तथा सीमान्तकृत किसान, भुमिहीन, हरुवा, चरुवा तथा हलिया आदिलाई त्यस्को उपयोग गर्न जग्गाधनी संग सम्झौता गरी पट्टामा (lease) जग्गा उपलब्ध गराउने व्यवस्था गर्ने।

सीमान्तकृत किसान, भुमिहीन, हरुवा, चरुवा तथा हलिया आदिमा भएको Traditional/indigenous सीपको अभिवृद्धि गर्ने, नयाँ प्रविधि र त्यसको प्रयोगको समुचित व्यवस्था गर्ने।

सरकारबाट प्राप्त अनुदानमा विपन्न वर्गको पहुँच बढाउने।

**ढ) स्थानीय तहमा विभिन्न मापदण्ड र गुणस्तर कायम राख्न नियमनको ब्यवस्था गर्ने:**

मासु जाँच, औषधि वा विषादिको प्रयोग, नापतौल, हाटबजार र मूल्य नियमन, ज्याला मजदुरी आदिको मापदण्ड र गुणस्तर कायम राख्न नियमनको व्यवस्था गर्ने।

**ण) आन्तरिक कार्यविधि तथा विनियावली पारित गर्ने गराउने:**

कृषि समितिको निम्न व्यवस्था समेटिएको आन्तरिक कार्यविधि पारित गरी कार्य सुव्यवस्थित गरिनेछ, उक्त आन्तरिक कार्य विधिमा:

अध्यक्ष, सदस्य तथा सदस्य सचिवको साथै वडा स्तरको कृषि विकास समितिहरुको कार्य जम्मेवारीको व्यवस्था गरिने;

**त) बैठक संचालन र व्यवस्थापनको व्यवस्था मिलाइने;**

गाउँपालिका क्षेत्रमा कृषिकार्यक्रम संचालन र व्यवस्थापनकालगि आवस्यक नीतिगत र कानूनगत निर्णय लिइने; र स्थानीय कृषि अगुवा परिचालनको व्यवस्था मिलाउने।

**द) कृषि प्राविधिक जनशक्तिको प्रक्षेपण गर्ने:**

कृषि सम्बद्ध सबै कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी गराई कृषि क्षेत्रलाई चाहिने न्युनतम जनशक्ति र त्यसको किसिम (स्थान विशेष अनुसार) तह आदि निर्धारण गर्ने र स्थानीय गाउँपालिकामा राय सहित पेश गरिने। दरवन्दि स्वीकृत गराउने र स्थानीय निकाय संग समन्वय गरी मागको आकृति फारम पठाउन लगाइने। सिफारिश भइ आएका कर्मचारीलाई कार्य जिम्मेवारी तोकी आवस्यकतानुसार उपशाखा वा वडामा काममा लगाइने।

कर्मचारी हरुसंग कार्यसम्पादन करार गर्ने र प्रोत्साही पुरुस्कार र दण्डको व्यवस्था कार्य जिम्मेवारी निर्वाह गरे अनुसार गर्ने गराउने व्यवस्था मिलाइने। गैर सरकारि वा निजी क्षेत्रको जनशक्तिको पनि दोहोरो नपर्ने गरी उचित परिचालनको नीति लिइने।

कर्मचारीहरुको क्षमता अभिवृद्धि विकासको लागि समय सापेक्ष अनुसारको आवश्यक व्यबस्था मिलाइने।

**८. संविधानको अनुसुचीको व्यवस्था बमोजिम ऐन द्वारा तोकिएको कार्य जिम्मेवारीको सम्पादन, संयोजन, निक्षेपण तथा समन्वयः**

क) स्थानीय सहकारी संस्था, बजार व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी तथा कृषि प्रसार सम्बन्धि मूख्य शिर्षक र अन्तर्गत गाउँपालिकाले पारित गरेको ऐन र नियमावली वा कानूनको अधीनमा रही विविध कृयाकलाप संचालन र व्यवस्थापनको कार्य गरिने छ ।

ख) समय समयमा प्रदेश तथा संघीय सरकारबाट स्थानीय तहले गर्न सक्ने थप कार्य जिम्मेवारी प्रत्यायोजित वा निक्षेपित भएर आउने कार्य जिम्मेवारीलाई आफ्नो क्षेत्रमा संचालन तथा व्यवस्थापन गरिने छ ।

ग) उक्त सबै प्राप्त कार्य जिम्मेवारीलाई स्थानीयतहमा कार्यरत सबै सरोकारवालाको सहकार्य वा समन्वयमा कार्य सम्पादन गरिने व्यवस्था मिलाइने छ ।

घ) स्थानीय तहमा कार्य संचालन नियमावली तयार गर्दा गाउँ कार्यपालिकाको कृषि विकास समितिले वडातहमा संचालन गरिने कृयाकलापलाई स्पष्ट परिभाषित गरिने छ ।

ङ) वडास्तरबाट गरिने कृषि कार्यको जिम्मेवारीको सूची तयार गरी पारित गर्न गराउन सम्बन्धित गाउँकार्यपालिकामा सिफारिश सहित पेशगरिने छ ।

च) सुम्पेको कार्य जिम्मेवारी निर्वाह गर्न गराउन वडा तहमा समितिले तिनको क्षमता विकासका साथै प्रविधिक सहयोग जुटाई सहजिकरण गर्ने कार्यक्रम योजनाबद्द ढंगबाट प्रस्तुत गरिने छ ।

**९. गाउँपालिका क्षेत्रमा कार्यक्रम संचालन र ब्यवस्थापन गर्दा निम्न बिषयमा बिशेष ध्यान पुर्‍याइने छः**

क) कृषि प्रणालीको संभाव्यता अनुसार गाउँपालिका क्षेत्रमा मा प्रमुख उत्पादन हुने कृषि खेति प्रणालीको पहिचान गरी गाउँपालिकाका वस्ति अथवा पकेटमा सोही बालि वा खेतिलाई प्रोत्साहन गर्न उन्नत ज्ञान, सीप, नयाँ प्रविधि, उन्नत बिउ बिजन, कृषि सामग्री (जैविक, रसायनिक), सिंचाइ सुविधा, संस्थागत कर्जा, कृषि औजारको प्रयोगलाई प्रवर्धन गर्न गराउन सरकारी, गैरसरकारी र निजी क्षेत्रबाट समेत प्राविधिक सहयोग परिचालन गरिनेछ ।

ख) गाउँपालिका क्षेत्रमा कृषिसम्बन्धी तथ्यांक र सूचना प्रणालीको स्थापना, अद्यावधिक तथा विकास गरिने छ र गाउँपालिकाको वस्तुगत विबरणमा समावेश गराइने छ ।

ग) गाउँपालिका क्षेत्रमा कृषि विकास कार्यक्रमलाई एकद्वारप्रणाली अवलम्बन गरी संचालन गर्न गराउन र सरोकारवाला सबैसंग समन्वय गरी कार्यक्रम संचालन र व्यवस्थापन गरिनेछ ।

घ) गाउँपालिका क्षेत्रमा सहभागितात्मक योजना तर्जुमा प्रकृयाको संस्थागत सुद्दढिकरण, कृषि विकास कार्यक्रमको, अन्य बिषय क्षेत्रअन्तर्गत संचालन हुने योजना कार्यक्रम संग अन्तरसम्बन्ध स्थापनाबाट परिपूरकता कायम गरी एकिकृत योजना प्रकृया अवलम्बन गर्न सरोकारवाला बीच पारस्परिक साझेदारीको विकास गरिने रणनीति अवलम्बन गरिने छ।

ङ) गाउँपालिका क्षेत्रमा कृषि कार्यक्रमलाई आवस्यकता र प्राथमिकता अनुसार वडा र वस्ति तहमा निक्षेपित वा प्रत्यायोजित गरिनुका साथै स्थानीय तहमा संघीय वा प्रदेशस्तरका कार्यक्रमहरुसंग पनि समन्वय गरी संचालन गरिने छ ।

च) गाउँपालिका क्षेत्रमा कृषि क्षेत्रमा देखिएको युवा जनशक्तिको कमीलाई सम्बोधन गर्न विभिन्न उत्प्रेरणात्मक कार्यक्रम संचालन गरी कृषि पेशामा आकर्षित गरिनेछ ।

छ) स्थानीय तहमा खेतिकोलागि उययुक्त जग्गालाई बाझो राखी राख्ने कार्यलाई दुरुत्साहित गर्न उपयुक्त जग्गाकर प्रणाली लागु गरी जग्गाको प्रयोगलाई बढावा दिइनेछ ।

ज) जग्गा विहिन तथा अतिकम खेति योग्य जग्गा भएका किसान लाई लामो अवधिकोलागि जग्गाको पट्टा (lease) उपलब्ध गराउन गाउँपालिकाले आफ्नो परिवेश अनुसार जग्गा विकास सम्बन्धी नीति र कानून बनाउनुका साथै बाझो जमिन वा प्रयोग नभई खाली रहेको जग्गाको प्रयोगलाई बढावा दिन प्रोत्साहित गरिनेछ।

झ) कृषि अनुसन्धान, शिक्षा र प्रसारलाई कृषक, उद्दमी र व्यवसायीहरुको समस्या र मागको आधारमा क्रियान्वयन हुने प्रणालीको विकास गरिनेछ।

ञ) संघीय र प्रादेशिक अनुसन्धान फार्म वा केन्द्र तथा अन्य बिस्वसनीय श्रोतबाट प्राप्त ज्ञान, सीप र प्रविधिलाई कृषक सम्म पुर्‍याउन स्थानीय श्रोत व्यक्ति, अगुवा कृषक, एग्रोभेट, कृषि शैक्षिक र गैर सरकारी संस्था लगायतका जनशक्तिलाई समेत परिचालन गरिनेछ,

**८) रैथाने बाली, जात, नस्ल र बौद्धिक सम्पतिको पहिचान, अभिलेखांकन, अध्ययन र अनुसन्धान गरि तिनको संरक्षण, विकास र प्रबर्धन सम्बन्धि कार्यक्रम संचालन गरिने छ,**

ठ) स्थानीयस्तरमा भएका कृषि अनुसन्धान, कृषि सैक्षिक संस्था र कृषि प्रसार निकाय बीच कार्यगत सम्बन्ध स्थापित गरि कृषि बिकासका विभिन्न कार्यक्रमहरु कार्यान्वन गरिने छ,

(ढ) स्थानीयतहले सम्बद्ध पकेट अनुसारको कार्यक्रम संचालन गर्न गराउन विशेष पहल गर्ने नीति लिइने र त्यसकालागि स्थानीय भाषामा समेत प्रवर्द्धन सामाग्रीको विकास गरिने छ।

**१०. अन्तरसम्बन्ध र समन्वय**

१. कृषि समितिले स्थानीय गाउँ पालिकामा कृषि कार्यलाई संचालन र व्यवस्थापन गर्दा घनिष्टतम सहयोग, समन्वय र सम्बन्ध कार्यलाई समन्वयित गर्न गराउन र सम्बद्ध कार्यालय, संस्था वा व्यक्ति, मुख्यतया गाउँपालिका प्रति उत्तरदायी भई देहाय बमोजिमको कार्य गर्न गराउने व्यवस्था गरिने छः

क) स्थानीय कृषक परिवार, समूह, संस्था संग तिनको आवस्यकता पहिचान, प्राथमिकता निर्धारण र श्रोत साधनमा साझेदारीका साथै सहभगितामा कार्यक्रम संचालन गर्ने गराइने

ख) स्थानीय कृषक परिवार विशेष गरेर विपन्न र सिमान्तकृत परिवारलाई केन्द्रमा राखि उक्त कार्य गर्न गराउन वडास्तरका साथै वस्ति र टोलस्तरमा कार्यरत गैरसरकारी संस्थाको सहयोग र समन्वयमा उक्त कार्य गर्ने गराइने

ग) गाउँपालिकामा कृषि क्षेत्र संग प्रत्यक्ष अप्रत्यक्ष सरोकार राख्ने शाखाका साथै बिषयगत समिति र उपसमिति संग अन्तरसम्बन्धित विषयमा औपचारिक तथा अनौपचारिक सम्बन्ध स्थापना गर्ने गराइने र एक अर्काका कार्यक्रममा परिपूरकता कायम गर्न गराउन सदैव सकृय भूमिका निर्वाह गरिने

घ) स्थानीयतहमा कार्यरत कृषि सेवा प्रदायकको सूचि तयार गरि नियमित रुपमा अद्यावधिक गराई राख्ने, यसरी सूची तयार गर्दा ती संस्थाले स्थानीय तहको कुन कस्ता प्रकृतिका कृयाकलाप वा कार्यक्रम बस्ति र टोलमा परिवारमा केन्द्रित गरेका छन त्यसको विबरण तयार गर्ने र दोहोरो नपर्ने गरी कार्यक्रम समन्वयित रुपमा संचालन गर्ने व्यवस्था मिलाइने

ङ) संस्थामा कार्यरत प्राविधिक जनशक्तिको अधिकतम उपयोग गरिने उपाय पहिचान गरिने र सरोकारवालासंग छलफल गरी आपसी समन्वयमा प्राविधिक जनशक्तिको परिचालनको रणनीति तय गरिने

च) वडा वा वस्ति र टोलमा स्थानीय तह वा बाह्य श्रोत साधनबाट कृषि कार्यक्रम संचालन गरिने रहेछ भने ती संस्था संग औपचारिक सम्झौता गरी कार्यक्रम संचालन र व्यवस्थापन गरिने

छ) स्थानीय कार्यपालिका तथा सभाका प्रशासनिक तथा निर्वाचित पदाधिकारी संग पनि औपचारिक र अनौपचारिक सम्बन्ध स्थापित गर्न गराउन समस्त कृषि क्षेत्रको कार्यक्रम बारे अभिमुखिकरणका कार्यक्रम संचालन गरिने

ज) अभिमुखीकरण कार्यक्रम संचालनका लागि कृषि क्षेत्रका संभाव्यता र तिनको उचित उपयोगको स्पष्ट मार्ग चित्र प्रस्तुत गरिने र संभाव्य मानव, आर्थिक र भौतिक श्रोत साधनको आवस्यकता वा परिचालन गर्ने बारे जनप्रतिनिधिलाई निरन्तर जानकारी गराइ राखिने

झ) संचालित अभिमुखिकरण कार्यक्रमामा खाद्ध्य सुरक्षाको स्थिति, बचत हुने वा न्यून हुने, सम्बन्धित पालिकाबाट बाहिर निकासी योग्य कृषि पदार्थको बारेमा पनि जाकारीमूलक सूचना समेटिएको ब्रोचर बनाई जानकारि गराइ राख्नुका साथै खाद्धयान्न वा अन्यबाली न्यून हुने वस्ति

समेत पहिचान गरिने र त्यस वस्तिको संभाव्यताको समेत लेखाजोखा तयार गरी उत्पादनका संभाव्य क्षेत्र पहिल्याई समुचित कार्यक्रम संचालनमा ल्याइने

ञ) अभिमुखीकरण कार्यक्रमबाट स्थानीय तहमा कृषि कार्यक्रम संचालनका लागि श्रोत परिचालन वा आन्तरिक वा बाह्य लगानी आकर्षित गराउने रणनीति लिइने

ट) सम्बन्धित कार्यपालिका तथा सरोकारवाला गैरसरकारी संस्था, निजी क्षेत्रका पदाधिकारीलाई कृषि कार्यक्रम संचालनमा र स्थानीय लगानी बढाउने कार्यमा संलग्न गराउन निरन्तर सम्पर्क, संचार र समन्वय गर्ने गराउने व्यवस्था गरिने

ठ) स्थानीय गाउँपालिकाका सम्बन्धित अधिकृत वा शाखा, महाशाखा प्रमुखले कृषि कार्यक्रम संचालन गर्दा देखा परेका समस्या वा चुनौतिको समाधानमा आवस्यक सहयोग उपलब्ध गराइने

ड) कृषि कार्यक्रमलाई स्थानीय योजना चक्रमा आबद्ध गराउन योजना तर्जुमाका प्रतेक चरणमा (बजेट पुर्वानुमान प्रक्षेपण, मार्गदर्शन तयारी, वडास्तरमा गरिने कार्य, स्थानीय योजना तर्जुमा समिति, अनुदान आदि सम्बन्धी) नीतिगत तथा कार्यगत समन्वय स्थापित गरी तोकिएको समयमा कार्य गर्ने गराउने व्यवस्था मिलाइने

ढ) संचालित कार्यक्रमको एकल वा संयुक्त अनुगमनको व्यवस्था मिलाउन सूचक तयार र स्वीकृति दिई अनुगमन कार्य गर्ने गराउने र प्राप्त अनुगमन प्रतिवेदनमा समीक्षा गर्ने व्यवस्था मिलाइने

ण) कार्यक्रम संचालन गर्दा उप समिति वा कार्यदल गठन गर्नु पर्ने भए आन्तरिक कार्यविधीमा समावेश गरी मा स्वीकृतिका लागि पेश गरिने

त) जिल्ला भित्रका स्थानीय तहका अन्य गाउँपालिका वा गाउँपालिका र नगरमा कार्यरत प्रदेश तथा संघीय सरकारसंगका कार्यालयका साथै गैरसरकारी संस्थाहरुसंगको समन्वयकारी भूमिका जिल्ला सभाले खेल्ने हुँदा जिल्ला समन्वय समिति संग निकटतम सम्पर्कमा रहि कार्य गर्न सम्बन्धित गाउँपालिका मार्फत समन्वयको व्यवस्था मिलाउने

थ) स्थानीय गाउँपालिकाको कार्यक्रमको अनुगमन र बार्षिक समीक्षा गर्दा जिल्ला समन्वय समिति संग समबन्धित कार्यपालिका मार्फत समन्वय गरी गर्नु पर्ने

**२. प्रदेश सरकारसंगको समन्वयः**

क) प्रदेशतहको कृषि विषयक मंत्रालय वा विभाग संग निकटतम सम्पर्क र समन्वय गर्दा सम्बन्धित कार्यपालिका वा जिल्ला समन्वय समिति मार्फत गर्ने

ख) स्थानीय गाउँपालिकामा संघीय तथा प्रादेशिक सरकारबाट प्रतिपादित नीति, नर्मस वा मापदण्ड लागु गर्न प्राविधिक सहयोगको आवस्यकता देखिएमा स्थानीय कृषि शाखा र महाशाखा मार्फत प्रादेशिक मंत्रालय वा बिभागमा संग समन्वय गरी सहयोग माग गर्ने

ग) प्रदेश सरकारसंगको कार्यक्रम र बजेटमा सहकार्य तथा साझेदारीकायम गरी कार्य संचालन गर्न आवस्यक समझदारी कायम गर्नु पर्ने भएमा त्यस्तो समझदारी वा सम्झौताको मसौदाको ढाँचा स्वीकृत गरी कृषि शाखालाई कार्यान्वयनको जिम्मेवारी दिने र त्यस्तो कार्य संचालन गर्दा देखिएका बाधा अडकाउ फुकाउन नियमित समीक्षा गर्ने गराउने

## परिच्छेद ५

**११ योजना र बजेट तर्जुमा प्रकृया (planning cycle):**

क) बिषयगत क्षेत्रको आवस्यक तथ्यांक, सूचना संकलन, विश्लेषण गर्न कार्य गरी गाउँपालिकाले समग्र कृषि क्षेत्रको वस्तुगत विवरण तयार गरी राख्ने

ख) कृषि क्षेत्रको मध्यकालीन वा दीर्घकालीन रणनीतिगत विकास योजना तर्जुमा गरी सम्बन्धित कार्यपालिकाबाट स्वीकृत गराई राख्ने र उक्त योजना लिएका नीति रणनीतिलाई आवस्यकतानुसार सम्बन्धित गाउँपालिकाको आवधिक योजनामा समावेश गरी लागु गर्ने गराउने

ग) उक्त स्वीकृत विषयगत क्षेत्र र आवधिक योजनाले लिएका लक्ष र उद्देश्य प्राप्तिकालागि वार्षिक योजना तर्जुमाको सिलसिलामा बजेट पूर्वानुमान र मार्गदर्शन मा समावेश गर्ने

घ) गाउँपालिकाबाट बजेट पूर्वानुमान र मार्गदर्शन प्राप्त भए पछि समितिको बैठक बाट वडास्तर र गाउँपालिकास्तरीय बजेट पूर्वानुमानलाई बाँडफाँट गर्न कृषि विषयक सबै सरोकारवालाको बैठक आयोजन गर्ने र शाखागत वा वडागत बाँडफाँट गर्ने र योजना तर्जुमा मा सहभागिता जनाउन कार्यक्रम समेत स्वीकृत गर्ने

**१२. योजना तर्जुमा गर्दा प्राथमिकता दिनु पर्ने विषयः**

क) विषय क्षेत्रगत वा आवधिक योजना तर्जुमा गर्दा कृषि क्षेत्रको सम्बन्धित स्थान विशेष को संभाव्यता हेरी कृषि व्यवसायीकरणका माध्यमबाट;

ख) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदानपुग्ने ख) छिटो प्रतिफल उत्पादनमूलक तथा प्राप्त गर्न सकिने

ग) स्थानीय जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने

घ) स्थानीय बासिन्दाहरू प्राथमिकता लाई संबोधन गरी जनसहभागिता जुट्ने

ङ) महिलाबालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने

च) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने

छ) वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुन्याउनु का साथै दिगो विकास योजना लाई प्राथमिकता दिई तर्जुमा गर्न सघाउ पुरयाउने

ज) बार्षिक योजना तयार गर्दा विषय क्षेत्रगत, आवधिक योजनाका लक्ष, उद्देश्य, नीति, रणनीति र कार्यक्रम प्राथमिकता समेत लाई ध्यानमा राखी बार्षिक योजना, कार्यक्रम बजेट तर्जुमा गर्दा ध्यान दिनु पर्ने

**१३. योजना तर्जुमा गर्दा निम्न प्रकृया अवलम्बन गरी देहायको चरणमा निम्नानुसार गरिने छ :**

क) गाउँपालिकास्तरीय वार्षिक योजना तर्जुमा गर्दा बजेट निर्धारण समितिबाट कृषि क्षेत्रको बजेट पुर्वानुमानको सीमा र मार्गदर्शन तयारीमा माग भएको आवस्यक प्राविधिक सहयोग पुरयाउने

ख) सम्बन्धित गाउँपालिकाबाट आगामी बर्षको श्रोतको अनुमान, बजेट सीमा तथा मार्गदर्शन प्राप्त भए पछि कृषि क्षेत्र संग सम्बद्ध सबै सरोकारवालाहरु (विषयगत महाशाखा, शाखा, गैरसरकारी संस्था, निजी क्षेत्र, सहकारी संस्था, विषय विज्ञ आदि) को बैठक बोलाइने छ,

ग) कृषि क्षेत्रर उपक्षेत्रगत (पशु स्वास्थ, मत्स्यपालन, फलफूल खेति, तरकारी आदि) को गाउँपालिका स्तरिय र वडास्तरीय पूर्वानुमानको प्राप्त बर्गिकरणलाई लगानीका क्षेत्र तोकी विषय उप-क्षेत्रगत तथा वडास्तरीय कृषि कार्यक्रमको बजेट पूर्वानुमान र मार्गदर्शन तयार गरिनेछ,

घ) प्राप्त बजेट पूर्वानुमान, मार्गदर्शन र अवलम्बन गरिने नीति रणनीति र विषय र भौगौलिक क्षेत्रगत लगानीको बाँडफाँट गरी समबन्धित शाखा, सेवाकेन्द्र, वडा वा इकाईमा मार्गदर्शन सहित बजेट पूर्वानुमान पठाइने र सम्बन्धित जिम्मेवार व्यक्ति समेत तोकी योजना तर्जुमा प्रकृयाको थालनी समेत गरिनेछ,
ङ) सम्बन्धित गाउँपालिका तथा विषयगत निकाय (कृषि क्षेत्र) बाट वडामा प्राप्त बजेट पूर्वानुमान र मार्ग दर्शनका अधीनमा रही कार्यक्रम र बजेट तर्जुमा गर्न वडास्तरमा रहेका सरकारी, गैरसरकारी, सहकारी संस्था तथा निजी क्षेत्रका सरोकारवाला सबैको बैठक आयोजना गरी प्राप्त बजेट पूर्वानुमान र मार्गदर्शनको जानकारि गराइने र वडास्तरमा तथ्याङ्क र सूचना तथा बस्तुगत बिबरणको आधारमा स्थिति र संभाव्यताको विश्लेषण गरी वडास्तरिय लगानीको प्राथमिकता निर्धारण गरिने छ,
च) विषयगत निकाय र गैरसरकारी संस्थाको कार्यक्रम बीचमा पनि परिपूरकता कायम गरी एकिकृत योजना तर्जुमा गर्न गराइने छ,
छ) सबै सरोकारवालालाई करिब एक महिनाको समय दिई वस्तिस्तरमा तर्जुमा को तालिका समेत तय गरिने छ
ज) यसरी तय गरिएको समयतालिका सबै वस्ति वा कृषक समूहलाई समेत जानकारी गराई वस्ति वा समूहस्तरमा योजना तर्जुमाको थालनी निर्दिष्ट समयमा गरिने। यसै बीचमा यदि प्रदेशतहवाट थप कृषि बिषयक बजेट पूर्वानुमान वा संशोधित अनुमान गाउँपालिकाबाट प्राप्त भएमा सो समेत समावेश गरी योजना तर्जुमा प्रकृयामा समावेश गराइने,
**झ) बस्ति र टोलस्तरमा देहायको प्रकृया अबलम्बन गरी योजना तर्जुमा गरिनेः**
वस्तिस्तरमा रहेका कृषक समूह, समिति तथा संस्था संग अन्तरकृया गरी तिनका माग र प्राथमिकताहरुलाई सम्बोधन गर्न र तिनले गर्न सक्ने लागत सहभागितालाई समेत संकलन गरी तिनीहरुकै सहभागितामा सकेसम्म तोकिएका मापदण्डका आधारमा प्राथमिकता निर्धारण गरिने,

- यसरि सबै वस्ति र टोलस्तरबाट माग र प्राथमिकता संकलन भए पश्चात सम्बन्धित वडा सचिवले बिषयगत र अन्य सरोकारवाला हरुसंग छलफल गरी विषय क्षेत्रगत रुपमा कार्यक्रम र बजेट छुट्याउने र बजेट पूर्वानुमानको रकम संग मेलखाने गरि एकिकृत गरी वडा अध्यक्ष समक्ष घटवढको विवरण पेश गरिने यदि कुनै योजना वा कार्यक्रम अत्यन्त जरुरि छ र बजेट पूर्वानुमान भित्र रहन नसकेमा गाउँस्तरीय योजना मा समावेश गर्ने गरी सुची समेत प्रस्तुत गरिने

ञ) वडासमितिले सबै सरोकारवाला को बैठक बोलाई यसरी वस्ति टोलस्तरबाट संकलित भएको सूचीमा विषयगत प्राथमिकता निर्धारण अनुसार रुजु गरि वडा समितिबाट पारित गर्ने र यसरी पारित गर्दा वडास्तरीय तथा गाउँपालिकास्तरीय योजनामा बर्गिकरण गरी सिफारिश सहित सम्बन्धित कार्यपालिकामा पेश गरिने
ट) यदि कुनै योजना दुई वा दुई भन्दा बढि वडामा संचालन गरिनु पर्ने रहेछ भने ती वडाबीचको समन्वय बैठक राखी अन्तरवडास्तिय योजनाको प्राथमिकता समेत सम्बन्धित कार्यपालिकामा सिफारिश सहित पेश गरिने
ठ) गाउँकार्यपालिकाका सचिवले वडावाट प्राप्त सबै सुचीलाई र गाउँपालिकास्तरीय विषयगत शाखा, महाशाखा बाट समेत सूची संकलन गर्ने र त्यस सुचीलाइ एकिकृत गरी बिषय क्षेत्रगत प्राथमिकताक्रम अनुसार एकिकृत सुची तयार गर्नुका साथै उक्त सुचीलाई वडास्तरीय र पालिकास्तरीयमा बर्गिकरण गरी सम्बन्धित बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्न अध्यक्ष समक्ष प्रस्तुत गरिने र उक्त समितिमा पठाइने
ड) बजेट तथा कार्यक्रम तर्जुमा समितिले यसरी प्राप्त योजना र कार्यक्रमलाई सम्बन्धित बिषय क्षेत्रगतगत समिति मा छलफलका लागि पठाउने

ड) कृषि सम्बन्धी बिषयगत समितिले यसरी वडा, विषयगत शाखा तथा कृषि सम्बन्धि गैर सरकारी संस्था, निजीक्षेत्र र सहकारी संस्थाबाट प्राप्त सुचीलाई एकिकृत गरी आफुलाई प्राप्त बजेट पूर्वानुमान र मार्गदर्शन अनुसार भए नभएको हेर्नुका साथै प्रदेश र संघीय योजना तथा कार्यक्रम संग परिपूरकता कायम समेत गराउने,
ण) कृषि संग सम्बन्धित अन्य विषयगत निकाय संग समेत पारस्परिकता हुने गरी कृषि सम्बन्धि बार्षिक तथा बहुवर्षिय कार्यक्रम र बजेट प्राथमिकता क्रम निर्धारण गरी गाउँ कार्यपालिकास्तरीय बजेट तथा कार्यक्रम तर्जुमा समितिमा राय सिफारिश सहित पठाउने
त) सम्बन्धित गाउँपालिकाका लागि बजेट वक्तव्यमा पारिनु पर्ने कृषि सम्बन्धी नीति समावेश गरी कृषिमा हुने समष्टि लगानी र उपलब्धीको प्रक्षेपण सहितको नीति तयार गरी सम्बन्धित सभामा पेश गरिने बजेट वक्तव्यको मसौदा समेत तयार गरी योजना तर्जुमा समितिमा प्रस्तुत गर्ने
थ) योजना तर्जुमा समितिले कृषि समिति बाट प्राप्त गरेको एकिकृत कार्यक्रम, बजेट र नीति सम्बन्धित गाउँ पालिका वा नगर पालिकामा पठाउन अगाडी निम्न कार्य गर्ने छः

- सम्बन्धित क्षेत्रमा संचालन हुने योजना र कार्यक्रममा दोहोरोपन आउन न दिने गरी आपसी तादाम्यता र परिपूरकता कायम गर्ने व्यवस्था मिलाउने बजेट तथा कार्यक्रमको विषयक्षेत्रगत सम्बन्धित समितिमा पुनः छलफल गराउनु पर्ने भए गराई अन्तिम प्रस्ताव तयार गरी सम्बन्धित कार्यपालिकामा पेश गर्न आदेश दिने, आवधिक योजना तयार भएको रहेछ भने उक्त आवधिक योजनाको दूरदृष्टि, लक्ष, उद्देश्य, नीति र कार्यक्रमका प्राथमिकता अनुकूल भए नभएको हेरी उक्त आवधिक योजना संग तालमेल हुने गरी प्रस्तुत गर्ने
- संघीय सरकारमा नेपाल सरकारले बजेट प्रस्तुत गर्ने समय जेष्ट १५ गते तोकिएको हुनाले बजेट बक्तव्यको संघीय नीति समेत स्थानीय तहमा असर पर्ने भए सो विषय समेत स्थानीय तहको नीति र कार्यक्रम समावेश गर्ने
- त्यस्तै प्रदेश सरकारले जेष्ट मसान्त भित्र बजेट र कार्यक्रम प्रस्तुत गर्ने हुँदा स्थानीय तहलाई असर पर्ने भए सो विषय समेत स्थानीय तहको नीति र कार्यक्रम समावेश गर्ने
- आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमको अन्तिम प्रस्ताव तयार गर्नेयदि वहु वर्षिय योजना रहेछ भने त्यसको लगानीको प्रक्षेपण र उपलब्धि लक्ष समेत निर्धारण गरी प्रस्तुत गर्ने
- बजेट सीमा भित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने र घाटा बजेट प्रस्तुत गर्न बन्देज रहेको हुँदा कुनै हालतमा पनि घाटा बजेट र कार्यक्रमा सिफारिश गर्न सकिने छैन
- सम्बन्धित गाउँ सभा वा नगर सभामा प्राप्त बजेट तथा कार्यक्रममा छलफल गरी अषाढ २५ गते भित्र कार्यपलिका संग केहि थप बुझ्नु पर्ने भएमा सम्बन्धित कार्यपालिकामा निर्देशन सहित प्रस्ताव सम्बन्धित कार्यपालिकामा फिर्ता पठाउन सकिने
- सम्बन्धित कार्यपालिकाले यसरी प्राप्त फिर्ता हुन आएको बजेट तथा कार्यक्रममा केहि हेरफेर गर्न उचित देखिएमा वा नदेखिएमा पुष्ट्याँई सहित पुनः सम्बन्धित सभामा राय सहित पेश गर्ने
- सम्बन्धित सभाले अषाढ मसान्त भित्र बजेट र कार्यक्रम पारित गरि सक्नु पर्ने
- बजेट र कार्यक्रम सार्वजनिकिकरणः सभाबाट स्वीकृत भए पछि बिभिन्न संचार माध्यमबाट सर्वसाधारणको जानकारीकालागि बजेट, कार्यक्रम र लिइएका नीति सम्बन्धित कार्यपालिकाले प्रकाशित गर्नु पर्ने छ र आ-आफ्नो वेवसाइटमा समेत राख्नु पर्ने छ।

**१४. योजना, कार्यक्रम कार्यान्वयनः**

**क)** कार्यक्रम र बजेट को कार्यान्वयन र जिम्मेवारी तालिका तयार गर्नेः कार्यक्रम स्वीकृत भए पछि सरोकारवाला सबै विषयगत निकायले आ-आफ्नो महाशाखा, शाखागत र वडागत रुपमा योजना, कार्यक्रमलाई कृयाकलापमा विभक्त गरी निश्चित कार्यतालिकामा राख्ने र यसरि कार्यतालिका तयार गर्दा जिम्मेवारी तालिका समेत तयार गर्ने। यसरी तयार गर्दा कार्यक्रम कार्यान्वयन को तरिका मध्ये लिइने निम्न विकल्प जस्तै उपभोक्ता समिति, ठेक्का पट्टा, गैरसरकारी संस्था, सहकारी वा सेवा करार, अमानत मध्ये उपयुक्त विकल्पको समेत सार्वजनिक खरिद ऐनको परिधि भित्र रही छनौट गरी प्रस्तुत समेत गर्नु पर्ने व्यवस्था मिलाइने छ।

- विषयगत समितिमा कार्यान्वयन तालिका पेश गर्ने।
- यसरि महाशाखा, शाखागत वा वडागत कार्यक्रम र बजेट तयार भए पछि कृषि विषयगत समितिमा सम्बद्ध सबै सरोकारवाला गैर सरकारी संस्था, सहकारी संस्था र निजिक्षेत्रबाट समेत कार्यान्वयन तालिका प्रस्तुत गराउने।
- यसमा आपसी समन्वय र परिपूरकता कायम गर्न अन्य सम्बन्धित विषयगत क्षेत्रका सरोकारवाला सबैलाई पनि आमन्त्रण गर्नु पर्ने देखिएमा सो समेत गर्ने।
- उक्त कार्यान्वयन तालिकामा के, कति, कहाँ, कसरी, कस्ले, कसबाट, कस्कालागि, लाग्ने लागत, उपलब्धि परिमाण र जिम्मेवार व्यक्ति र निकाय स्पष्ट देखाउनु पर्ने गरी तालिका प्रस्तुत गर्न लगाउने।

**ख)** कृषि समितिले पारित गरे पछि सम्बद्ध अन्य विषयक्षेत्रगत समितिले अन्तरक्षेत्रगत परिपूरकता हेरी पारित गर्ने र सम्बन्धित पालिकाको बजेट तथा कार्यक्रम समितिमा पठाउने। बजेट तथा कार्यक्रम समितिले मार्गदर्शन अनुसार भए नभएको हेरी सम्बन्धितकार्यपालिकामा पेश गर्ने।

**ग)** सम्बन्धित प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई कार्यक्रम र बजेटको अख्तियारी श्रावण ७ गते भित्र दिनु पर्ने

**घ)** प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त भएको मितिले १५ दिन भित्र तयार भएको कार्यान्वयन कार्यतालिका र बजेट र कार्यक्रमको अख्तियारी कार्यान्वयन मार्गदर्शन सहित सम्बन्धित महाशाखा, शाखा तथा वडा समितिमा पठाउने

ङ) कार्यान्वयन मार्ग दर्शनमा भौतिक तथा वित्तीय प्रगति प्रतिवेदनको ढाँचा समेत राखि प्रतिवेदन पठाउने वा कार्यान्वयनको तरिका, समयमा कार्य सम्पादनमा उत्कृष्टता हासिल गरेमा पुरुस्कार र नगरेमा दण्डको व्यवस्थालाई कार्य सम्पादनको अभिन्न अंगको रुपमा राख्ने व्यवस्था मिलाइने

**च)** सम्बन्धित गाउँपालिकाबाट अख्तियारी र मार्गदर्शन प्राप्त भए पछि कृषि संग सम्बन्धित कार्यान्वयन गर्ने जिम्मेवार निकायमा कार्यान्वयन तालिका सहित कार्यक्रम र बजेट खर्च गर्ने जिम्मेवार निकाय तोकी पठाउने र यदि स्थानीय तहको प्राथमिकता प्राप्त योजना वा कार्यक्रम भए सो समेत खुलाउने

**छ)** कृषि समितिले वा शाखा प्रमुखले आफ्ना विषयक्षेत्र अन्तर्गतका प्राथमिकता प्राप्त योजनाको सूची समेत सम्बन्धीत जिम्मेवार निकाय र व्यक्तिलाई उपलब्ध गराउनु पर्ने

**ज)** सम्बन्धित कार्यपालिकाका प्रमुख, अध्यक्ष ले प्रमुख प्रशासकीय अधिकृत संग र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित महाशाखा वा शाखा प्रमुख वा वडा समिति संग कार्य सम्पादन सूचक सहितको कार्य सम्पादन करार गर्ने

झ) यदि कृषिक्षेत्रको बिषयमा कार्य सम्पादन करार भएको भए तत-तत जिम्मेवार व्यक्तिसंग सचिव वा सम्बन्धित महाशाखा वा शाखा प्रमुख ले कार्यसम्पादन करार समेत गर्नु पर्ने

ञ) सम्बन्धित कार्यपालिकामा स्वतन्त्र कार्यसम्पादन मुल्ल्यांकन समिति समेत गठन गरी सम्बन्धित महाशाखा वा शाखाको कार्य सम्पादन मुल्ल्यांकन ६-६ महिनामा गर्ने व्यवस्था मिलाउने
ट) अख्तियारि प्राप्त प्रतेक निकायले मासिक रुपमा वित्तीय र प्राथमिकता प्राप्त कार्यक्रमको दुइ-दुइ महिनामा र अन्य सबै कार्यक्रमको चौमासिक रुपमा भौतिक प्रगति प्रतिवेदन तोकिएको ढाँचामा सम्बन्धित कार्यपालिकामा पठाउने
ठ) यसरी पठाएको प्रतिवेदन सम्बन्धित बिषयगत समितिको सचिवलाई समेत उपलब्ध गराउने
ड) प्राथमिकता प्राप्त योजनाको २-२ महिनामा प्रमुख वा अध्यक्ष ले कार्यपालिकामा समीक्षा गरी वाधा अडकाउ भए फुकाउने र समयमा प्रगति हाँसिल गर्ने रणनीति समेत तय गर्ने
**ड) चौमासिक समीक्षाः** बिषयगत समिति र विषय क्षेत्रगत समिति (कृषि) मा समेत प्रगति प्रतिवेदनमा कार्यपालिकामा समीक्षा हुनु भन्दा अगाडि नै समीक्षा गरि विषय क्षेत्रगत समितिका संयोजकले एकमुष्ट प्रगतिको समीक्षात्मक प्रतिवेदन प्रस्तुत गर्ने र देखापरेका प्रमुख मुद्दा वा समस्या प्रस्तुत गरी समधानको उपाय समेतको रणनीति बैठकबाट तय गर्ने
ण) चौमासिक प्रगति प्रतिवेदन जिल्ला समन्वय समिति, प्रदेश वा संघीय सरकारको सम्बन्धित मंत्रालयमा एकिकृत गरी महिना भुक्तान भएको १५ दिन भित्र प्रस्तुत गर्ने
त) बार्षिक प्रतिवेदन पठाउनेः सम्बन्धित कार्यपालिकाले बार्षिक प्रतिवेदन तोकिएको ढाँचामा आर्थिक बर्ष भुक्तान भएको एक महिना भित्र सम्बन्धित जिल्ला समन्वय समिति, प्रदेश तथा संघीय मंत्रालयमा पठाउनु पर्ने
थ) प्रगतिस्थितिको आधारमा कर्मचारीको कार्यसम्पादन मुल्ल्यांकन गर्ने प्रणाली स्थापित गर्ने यसकालागि प्रतेक कर्मचारीको कार्य जिम्मेवारी विवरण प्राप्त गरी तदनुसार कर्मचारीको कार्यसम्पादन मुल्ल्यांकन गर्ने ।

**१५. अनुगमन मुल्यांकन, समीक्षा र प्रतिवेदनः**
क) योजना वा कार्यक्रमको एकल वा संयुक्त अनुगमनको व्यवस्थाकालागि अनुगमन कार्यको कार्यतालिका गाउँपालिकाको अनुगमन समितिबाट स्वीकृत गराई राख्ने र बजेट समेत छुट्ट्याउने
ख) कृषि समितिले आवस्यकतानुसार को टोली गठन गरी नियमित अनुगमनको व्यवस्था मिलाउने छ
ग) अनुगमनका क्रममा नीति, योजना, कार्यक्रम तथा आयोजनाहरुमा निम्न कुराको विश्लेषण गरिनु पर्नेछ

- श्रोतसाधनको प्राप्ति र प्रयोग स्वीकृत बजेट र समयतालिका अनुसार भए नभएको?
- अपेक्षित प्रतिफल समयमै र लागत प्रभावकारी रुपमा हासिल भए नभएको?
- कार्यान्वयन क्षमता के कस्तो छ?
- के कस्ता समस्या र बाधा व्यवधान देखिएका छन र तिनको समाधानका निम्ति के कस्ता उपाय अवलम्बन गर्नु पर्छ ?

**घ)** सूचना प्रविधिको उपयोगबाट अनुगमन सूचना प्रणाली बर्तमानमा स्थापित गर्दा उपयुक्त हुने हुनाले अनुगमनका लागि उपयुक्त प्रणाली विकास गरिने
ङ) गाउपालिकामा अनुगमन र सुपरिवेक्षणकालगि उपाध्यक्षको संयोजकत्वमा गठित संस्थागत संयन्त्रको व्यवस्था भएकोले उक्त संयन्त्र संग समितिले समन्वय गरी अनुगमनको व्यवस्था गरिने छ
च) स्थानीय कृषि विकास समितिले पनि आफु अन्तर्गत संचालित कार्यक्रमहरुको समयमै अनगमन गर्न कृषि विकास समितिको संयोजक वा अन्य सदस्यको संयोजकत्वमा सम्बद्ध महत्वपूर्ण शाखाका प्रमुख वा

निजको प्रतिनिधि, गैरसरकारी संस्थाको प्रतिनिधी, कृषक समूहको प्रतिनिधि, सहकारी संस्थाको प्रतिनिधि रहेको अनुगमन उप समिति गठन गर्ने र त्यस्को सचिव कृषि शाखा वा महाशाखाका प्रमुखले तोकेको अधिकृत कर्मचारी हुने व्यवस्था मिलाइने छ

छ) उक्त उपसमितिले आफ्नो कार्यविधि आफै बनाउने छ र संयुक्त वा एकल अनुगमनको व्यवस्था समेत गर्ने छयस उप समितिले उपलब्धि (output) र परिणाम (outcome) को मापन सूचक तयार गरी स्वीकृत गराई राख्ने छ। त्यस्तै कृषि सम्बद्ध अन्य सरोकारवाला गैर सरकारी संस्था, निजी र सहकारी क्षेत्र एवं विकास साझेदार का बीचमा पनि अनुगमन प्रणालीका सूचक निर्धारण गरी कृषि समितिको अनुगमन प्रणालीमा समाहित गर्न सकिने सूचक निर्धारण गरी लागु गरिने छ। अनावश्यक सूचनाहरु माग नगर्ने र आवस्यक सूचना नछुटाउने नीति समेत अवलम्बन गरिने छ

ज) यसरी सूचक तयार गर्दा स्थानीय गाउँपालिकालाई कृषि क्षेत्रको के आधारभूत सुचना उपलब्ध गराइने हो आवधिक योजनामा निर्दिष्ट गरेका विषयक्षेत्रगत सूचक हरुसंग मिलान गर्न समन्वय गरी तदनुसारको प्रतिवेदन पठाउने व्यवस्था गरिने छ।

झ) जिल्ला समन्वय समिति र प्रादेशिक सरकारमा पठाइने सूचना बारेमा पनि पूर्व जानकारी तत-तत निकायबाट माग गरिने छ

अनुगमन प्रणालीलाई नियमित र व्यवस्थित बनाउन सबै कार्यक्रम र भौगौलिक क्षेत्रमा पुग्न संभव न भए नमूनाको रुपमा केही वडामा र समष्टि व्यवस्थापनको अनुगमन मापनका सूचक तयार गरी तदनुसार अनुगमन गर्ने व्यवस्था समेत मिलाउन सकिनेछ

ञ) स्थानीय प्राथमिकता प्राप्त, बहुवर्षिय वा पूजिगत लगानी अत्यधिक भएका योजना, कार्यक्रमहरुका लागि छुट्टै सूचक तयार गरी नियमित अनुगमन गर्ने प्रणाली स्थापित गरिने छ र देखा परेका समस्या समयमै समाधान गरी योजना कार्यक्रम सुचारु गराउने व्यवस्था मिलाइने छ

ट) अनुगमन कार्यकालागि लाग्ने अनुमानित बजेट समेत यसउप समितिले तय गरी समितिमा पेश गर्ने छ

ठ) समितिले बिषयगत शाखा वा महाशाखालाई पनि सुपरिवेक्षण तथा अनुगमनका लागि बजेटको व्यवस्था गरी अनुगमन गर्न गराउन आवस्यक निर्देश दिने छ

ड) यसरी अनुगमन गराई बिषयगत कृषि समिति र गाउपालिका तहको समितिमा नियमित प्रतिवेदन लिने व्यवस्था गरिने छ

**१६. अनुगमन, मुल्ल्यांकन मा जिल्ला सभा र जिल्ला समन्वय समितिको भुमिकाः**

जिल्ला सभा वा जिल्ला समन्वय समितिलाइ निम्नानुसारको भुमिका तोकिएको छः

क) जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने,

ख) त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, बिषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवस्यक सुझाव वा मार्गदर्शन दिने

ग) यसरी दिएको सुझाव वा मार्गदर्शनलाई सार्वजनिक समेत गर्ने

घ) प्रत्येक गाउँ कार्यपालिकाले आ-आफ्ना पारित नीति, योजना, कार्यक्रम तथा परियोजना हरुको बिबरण का साथै चौमासिक प्रगति प्रतिवेदन समेत नियमितरुपमा जिल्ला समन्वय समितिको कार्यालयमा पेश गर्न ढाँचा निर्धारण गरी उक्त बमोजिमको बिबरण आवधिक रुपमा माग गर्ने

**१७. मध्यावधि मुल्ल्यांकन** :

क) स्थानीय गाउँपालिकामा आवधिक योजना तयार गरी संचालनमा ल्याएको छ भने उक्त योजनाको समष्टि उपलब्धि र परिणाम को मापन हुने गरी बाह्य निकाय वा विशेषज्ञबाट मध्यावधि मुल्लायांकन गर्ने प्रणाली अवलम्बन गरिने

ख) बहु बर्षिय योजना वा प्राथमिकता प्राप्त योजना हरुको पनि मध्यावधि मुल्ल्यांकन गरिने प्रणाली अबलम्बन गरिने छ ।

**१८ अन्तिम मुल्ल्यांकनः**

क) योजनाका बृहतर लक्ष र उद्देश्य हाँसिल भए नभएको, कहाँ, के कस्ता सबल र कमजोर पक्ष रहन गए बिश्लेषण गरी व्यवस्थापनलाई उपयुक्त नीति, रणनीति तय गर्न मदत पुर्याउन व्यवस्थाकालागि अन्तिम मुल्ल्यांकन को व्यवस्था गरिने छ

ख) स्थानीयगाउँपालिकाले तयार गरेको आवधिक योजनाको समष्टि अन्तिम प्रभाव मुल्ल्यांकन गर्ने प्रावधान राखिने छ

ग) मुल्ल्यांकन प्रणालीमा कृषिक्षेत्रको समेत प्रभाव मुल्ल्यांकन गर्न गराउन व्यवस्था मिलाइने छ

घ) आन्तिम मुल्ल्यांकनका लगि तेस्रो पक्षका विज्ञ बाट गर्नु गराउने व्यवस्था गरिने

**१९. समीक्षाः**

क) स्थानीयगाउँपालिकामा प्रतेक चौमासिक र बार्षिक रुपमा आफ्ना संचालित सबै योजना, कार्यक्रम, आयोजना वा कृयाकलापहरुको प्रगति समीक्षा सम्बन्धित कार्यपालिकाले गर्ने प्रणाली स्थापित गरिने छ।

ख) यस्तो समीक्षा बैठक चौमासिक भुक्तान भएको दोस्रो वा तेस्रो हप्ता भित्र गरि सक्ने गरी तालिका निर्धारण गरिने छ

ग) यस समीक्षा बैठकमा सरोकारबाला सबै सरकारी, गैरसरकारी, निजी, सहकारी, विकास साझेदारहरु तथा आमसंचार को उपस्थिति अनिवार्य गराइने छ। समीक्षा मा आँकडा प्रस्तुति गर्नु भन्दा पनि देखा परेका मुद्दा, समस्याहरुबारे छलफल गरिने र समस्या समाधानका सहज उपाय खोजिने छ र कुन तहबाट उक्त समस्या समाधान हुने हो सोको समेत जिम्मेवारी तोकिने छ

घ) कृषि समितिले स्थानीय तहमा समीक्षा गरिनु भन्दा पहिले समितिको बैठक बोलाइ विस्तृत बिषयक्षेत्रको समीक्षा गर्ने र देखा परेका समस्याको विश्लेषण गरी कुन तहबाट समाधान गरिनु पर्ने सो समेत किटान गरी प्रतिवेदन स्थानीय तहको समीक्षा बैठकमा पेश गर्ने ।

ङ) कृषि विषयक पूजिगत खर्चमा कमी हुनुमा देखापरेका समस्याको समेत समयमै निदान गरिने गरी समाधान खोजिने छ

च) स्थानीय, प्रादेशिक वा राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको २-२ महिनामा समीक्षा गरिने प्रणाली अबलम्बन गरिने छ

छ) विकास साझेदारहरुको सहयोगमा संचालित योजना को समीक्षा समेत गरिने छ।

ज) समीक्षा बैठकमा प्राप्त गुनासाहरुलाई समेत सम्बोधन गरिने छ

**२०. जिल्ला सभामा वार्षिक समीक्षाः**

जिल्ला सभाले पनि कम्तिमा पनि वर्षको एक पटक वार्षिक समीक्षाको आयोजन गर्ने हुनाले त्यसकालागि पनि जिल्ला समन्वय समितिले तोकेको निर्दिष्ट ढाँचामा सम्बन्धित गाउँपालिकाले प्रगति प्रतिवेदन नियमित रुपमा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

**२१. प्रतिवेदनः**

क) गाउँपालिकाले पारित गरेको आर्थिक कार्यविधी अनुसारको ढाँचामा आर्थिक प्रतिबेदन हरु मासिक रुपमा अख्तियार प्राप्त महाशाखा वा साखा प्रमुखले तोकिएको कार्यालय वा निकायमा पठाउने छ

ख) भौतिक प्रगति प्रतिवेदन साधारणतया चौमासिक भुक्तान भएको ७ दिन भित्र अख्तियार प्राप्त महाशाखा वा शाखा प्रमुखले सम्बन्धित गाउँपालिकामा पठाउने व्यवस्था मिलाइने छ

ग) यसकालागि कृषिसंग सम्बद्ध सबै सरोकारवाला बाट समय मै प्रतिवेदन संकलन गरी निश्चित फरम्याटमा राखि एकिकृत गरी सम्बन्धित गाउँपालिकाको कार्यालयमा पठाउनु पर्ने भएकोले कृषि संग सम्बद्ध निकाय हरुले पनि आ-आफ्नो निकायको भौतिक प्रतिवेदन समितिका सचिव वा शाखा, महाशाखा प्रमुख समक्ष पठाउने र स्थानीय गाउँपालिकामा समीक्षा बैठक हुनु भन्दा अगावै समितिमा छलफल गराई समीक्षा बैठकमा प्रस्तुत गरिने बुँदा समेत तयार गरी समितिका संयोजक वा निजले तोकेका पदाधिकारीले स्थानीय समीक्षा बैठकमा प्रस्तुत गर्ने व्यवस्था मिलाइने छ।

घ) चौमासिक प्रतिवेदनमा भौतिक प्रगतिका साथै आय व्ययको समग्र स्थिति प्रस्तुत गरिने व्यवस्था गरिने छ।

## परिच्छेद ६.

२२. रकम प्रवाह प्रकृया र कोष व्यवस्थापन (बजेट निकासा, आम्दानीका प्रमुख श्रोत, कोष व्यवस्थापन र संचालन) गर्न स्थानीय संचित कोष सम्बन्धी व्यवस्था:

(क) नेपालको संविधान तथा सो अन्तर्गतका प्रचलित आर्थिक ऐन तथा कार्यविधि र नियमावली बमोजिम हुनेछ।

**२३. वितीय जोखिम न्यूनिकरण:**

क) वित्तीय जोखिम भनेको; तोकिएको बजेट तोकिएको क्षेत्रमा खर्च नगर्नु, खर्चबाट बाञ्छित नतिजा प्राप्त नहुनु अथवा बजेटको महत्व वा सार्थकता (Value for money) लाई वेवास्ता गर्नु हो।

ख) वित्तीय जोखिम उत्पन्न निम्न्न कारणले हुन सक्छ:

**१. प्रकृयागत जोखिम (process risk):** कहिलेकाहि खर्च गर्दा होसियारी अबलम्बन गर्दा गर्दै पनि अनियमितता हुन झन्छ भने, कहिले सार्वजनिक खरिद ऐनको प्रकृया पुरा नगरी खर्च गरिने गरिन्छ र अनियमितता हुन जान्छ। कहिले प्रकृया पुरा गरेर खर्च गरे पनि नागरिकको स्विकार्यता न हुन सक्द छ। यसकारण प्रकृया पुरयाई खर्च गर्नुका साथै नागरिकको स्वीकार्यता पनि हुने गरी खर्च गर्दा दिगो हुन सक्छ।

**२. भ्रष्टाचार जन्य जोखिम (corruption risk):** गलत मनसायले गरिने खर्च भ्रष्टाचार जोखिम अन्तर्गत पर्दछ र यस्तो जोखिममा प्रकृया समेत पूरा गरेको पाइन्छ तर यस्तो प्रकारको खर्चमा खर्च गर्ने अख्तियारी प्राप्त व्यक्ति वा पदाधिकारीले आफ्नो व्यक्तिगत फायदाका लागि प्राथमिकतामा नपरेको शिर्षकमा खर्च गर्न स्वीकृति दिनु पनि भ्रष्टाचार जन्य जोखिम हो। यस वर्गिकरणमा वर्ष भरि खर्च नगर्ने तर आ.व.को अन्त्यमा जथाभावी खर्च गरी गुणस्तरमा पटक्कै ध्यान न पुरयाउनु पनि पर्न आउँछ।

**३. नतिजामा जोखिम (Result risk):** सकारात्मक नतिजा प्राप्तिका लागि रकम खर्च गरिने गरिन्छ। तर खर्च गरे अनुसार नतिजा प्राप्त हुन नसके नतिजा जन्य जोखिम हो। कहिले काहि छिटो नतिजा निकाल्न खोज्दा नतिजा त निस्किने तर प्रकृया मिचिने र कहिले प्रकृया पुरयाइ काम गर्दा समय अभावले नतिजा ननिस्कने जोखिम हुन सक्छ।

- वित्तीय जोखिम बढनुमा निम्न केहि कारणहरु देखिएका छन:
- कमजोर निगरानी र नियन्त्रण पद्धति (weak oversight and control system)
- अपर्याप्त संस्थागत क्षमता (inadequate organizational capacity)

- भ्रष्टाचार जन्य गतिविधिमा वृद्धि (increasing trend of corruption)
- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सहिरुपमा अबलम्बन गर्न नसकिनु (non-compliance of participatory planning system)
- बजेट निकासा गराउनमा डिलाई (delay in budget release)
- कमजोर कार्यसम्पादन, गुणस्तर नियन्त्रण र राजस्व व्यवस्थापन (weak performance, quality control and revenue management)
- कृषि समितिले उक्तानुसारको जोखिम न्यूनिकरणमा विशेष ध्यान दिइने अधिकृतहरुलाई समयमै सजग भई कार्य गर्ने गराउने वातावरण श्रृजना गरिने छ छ र जिम्मेवार

## परिच्छेद ७.

### २४. पारदर्शिता, जबावदेहिता तथा उत्तरदायित्व, प्रचार, प्रसार, सूचनाको हक र सुशासनका औजार हरुको प्रयोग, गुनासो व्यवस्थापन आदि

क) गाउँपालिकामा गरिने कृयाकलाप, प्रदान गरिने सेवा सुविधालाई पारदर्शि, उत्तरदायी, जबाबदेहि र प्रभावकारी रुपमा नागरिक प्रति सम्बेदनशिल भइ संचालन गरिने छ

ख) यसरी संचालन गर्दा नागरिकको व्यापक सहभागितामा संचालन गर्न गराइने छ।

ग) गाउँपालिकामा कार्यक्रम संचालन गर्दा सुशासनका मूलभुत मान्यता जस्तै कानूनको शासन, आर्थिक अनुशासन, मानव अधिकारको पूर्ण प्रत्याभुति, विकेन्द्रीकरण तथा भ्रष्टाचारमुक्त प्रशासन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गर्दै कार्य गर्ने संस्कृति अवलम्बन गरिने छ।

घ) स्थानीय गाउँपालिकामा सुशासन कायम गर्न गराउन समितिले विशेष पहल गर्ने छ र स्थानीय सरकारबाट कृषि कार्यक्रममा सुशासनको प्रत्याभुति दिलाउन असल शासनका निम्न मूल्य मान्यताको अबलम्बन गरिने छः

ङ) स्थानीय कृषिकार्यक्रममा सम्बद्ध सबै कर्मचारी र संघ, संस्था स्थानीय गाउँपालिका प्रति उत्तरदायी भइ कार्य गर्ने छन र तोकिएको जिम्मेवारी तोकिएको समयमा सम्पादन गरी जबाबदेही प्रशासन संचालन गरिने छ

च) गाउँपालिकामा र कृषि समिति बीच कार्य जिम्मेवारीको स्पष्ट बाँडफाँट कार्य विभाजन नियमावलीमा व्यवस्थागरी गरिनुका साथै कृषिसम्बन्धि कार्यकालागि जिम्मेवार संस्थाको रुपमा यस समितिको विकास गरिने छ र समितिले पनि सम्बद्ध कार्यालयलाई कार्यजिम्मेवारी किटान गरी जिम्मेवार बनाउने छ

छ) महा शाखा, शाखा, उपशाखा र इकाई कार्यालयले आफ्ना मातहतका कर्मचारीको कार्य विबरण (job description) तयार गरी तदनुसार जिम्मेवारी किटान गरिने छ

ज) प्रमुख प्रशासकीय अधिकृत र कृषि समबद्ध सबै शाखा, महाशाखा प्रमुख बीचमा कार्यसम्पादन करार गरिने छ र उक्त करारको संस्थागतरुपमा नियमित समीक्षा गर्ने गराउने व्यवस्था मिलाइने छ

झ) कृषि सम्बद्ध सबै महाशाखा, शाखा वा कार्यालय ले आफ्नो शाखा वा महाशाखाबाट उपलब्ध गराइने सेवा, सुविधा लाई निर्दिष्ट ढाँचामा नागरिक बडापत्रमा प्रकाशित गरि राख्ने व्यवस्था गरिने छ

ञ) विकास निर्माणका कार्यमा नागरिकको सहभागिता वृद्धि गराउन सहभागितातत्मक योजना प्रकृया अनिवार्य अवलम्बन गरिने छ र कार्य संचालन गर्दा नागरिकको संलग्नता र स्वामित्व प्राप्त हुने गरी गरिने छ। यसरी कार्य गर्दा विशेष गरेर अल्पसंख्यक, सिमान्तकृत वा साना किसान र महिला प्रति विशेष सम्बेदनशील रहने गरी कार्य व्यवस्था मिलाइने छ

ट) निश्चित रकम भन्दा माथिको विकास निर्माणकार्यमा सबै विवरण देखिने गरी योजना स्थल र सार्वजनिक स्थानमा सूचना पाटीको (होर्डिंग बोर्डको) व्यवस्था गरिने छ
ठ) नागरिकको गुनासो सुन्ने र संबोधन गर्ने संस्थागत संयन्त्र स्थापित गरी कृयाशिल गराइने छ, र हैलोसरकार र हटलाइन जस्ता व्यवस्था सम्बन्धित कार्यपालिकाले गर्न पहल गरिने छ
ड) सुशासनका औजार जस्तै सार्वजनिकर सामाजिक परीक्षण, नागरिक सुनवाई, नागरिक पृष्ठपोषण प्रतिवेदन सम्बन्धित कार्यविधिमा तोकिएको समयमा गर्ने गराउने व्यवस्था मिलाइने छ
ढ) नागरिक वा सर्वसाधारणकालागिआफ्नो आय-व्ययको विवरण सार्वजनिक गर्ने गराउने र कार्यालयको वेव-साइटमा समेत नियमित रुपमा राख्नेव्यवस्था मिलाइने छ
ण) आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने र बेरुजुलाई समयमा नियमित, असुलउपर गरी फछ्र्यौट गर्ने गराउने व्यवस्था गरिने छ
त) सार्वजनिक खरीद ऐन नियमावली बमोजिम खरिद कार्य गर्ने गराइने छ
थ) आचार संहिता अनिवार्यरुपमा परिपालना गर्ने गराइने छ
द) सूचनाको हक सम्बन्धि ऐनको पालना गरिने र वर्गिकृत बाहेकका सबै सूचना नागरिकको पहुँचमा पुर्याइने छ
ध) बार्षिक कार्यक्रम र बजेट र चौमासिक तथा बार्षिक प्रगति प्रतिवेदन आमसंचार मार्फत सार्वजनिक गर्ने गराउने र कार्यालयको सूचना पाटी र वेब-साइटमा राखिने छ
न) निर्णय गर्दा कानूनसम्मत प्रकृया पुरयाईमात्र अख्तियारवालाले निर्णय लिने छ र निर्णयको वैधताका साथै सार्वजनिक नागरिकको ग्राह्यता समेत प्राप्त गरिने गरी कार्य गरिने छ
त) विकास निर्माणका कार्यक्रम र योजना तथा सेवा प्रवाहलाई क्रमशः स्वीकृत कार्यतालिका र नागरिक बडापत्रमा तोकिएको समयमा सम्पन्न गर्ने गराइने छ
प) भ्रष्टाचारमा शुन्य सहनशिलता अपनाइने छ र कुनै पनि भ्रष्टाचार हुन नदिने वातावरण श्रृजना गर्ने गराइने छ
फ) सबै पदाधिकारीले सम्पति विबरण समयमानै तोकिएको कार्यालयमा पेश गर्ने पद्धति अबलम्बन गरिने छ।
ब) अनुदान वा विउविजन वा सरकारी श्रोत वितरणको कार्यविधि स्वीकृत गराई मात्र बितरणको व्यवस्था गुनासो नआउने गरी गर्ने गराइने छ र सम्भव भए सम्म विपन्न वर्ग र सीमान्त किसानलाई उपलब्ध हुने गरी कार्यविधीमा व्यवस्था गरिने छ
भ) वित्तीय जोखिम न्यूनिकरणका सबै उपाय अबलम्बन गरिने छ

**२५. खारेजी र वचाउः**
क) स्थानीय तहमा संचालित कृषि कार्यक्रम यसै व्यवस्था बमोजिम संचालन भएको मानिने छ।
ख) विगतमा जारी गरिएको स्थानीय कृषि विकास कार्यक्रम संचालन ऐन खारेज गरिएको छ र त्यस बमोजिम भए गरेका काम, कार्वाहि यस लिखु तामाकोशी गाउँपालिकाको कृषि विकास ऐन, २०७४ बमोजिम भए गरेको मानिने छ, र यो ऐन संघीय एवं प्रादेशीक तहका ऐन संग बाझिन गएमा स्वतः खारेज हुनेछ।

लिखु तामाकोशी गाउँपालिकाको गाउँसभाको बैठकबाट मिति २०७७/०६/१९ गते पारित यो ऐन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ को उपदफा ८ बमोजिम प्रमाणित गर्दछु।

(गोविन्द बहादुर खड्का)
मिति:- २०७७/०६/१९ अध्यक्ष